ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५ औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३०८ ॥ बुधबार १६ बैशाख २०८३ ॥ त्रयोदशी ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Wednesday 29 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## प्रअ र लेखापालविरुद्ध भ्रष्टाचार मुद्दा

सन्देश संवाददाता

काठमाडौं/झापाको दमक नगरपालिका–२ स्थित हिमालय माविका प्रधानाध्यापक र लेखा–पालविरुद्ध करिब ९३ लाख भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दादायर भएको छ । विद्यालयका प्रअ ओमप्रसाद आचार्य र लेखापाल दयासागर आचार्यले भवन निर्माण तथा विद्यालयको आर्थिक कारोबारमा अनियमितता गरेको देखिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दादायर गरेको हो ।

अख्तियारका अनुसार विद्यालय भवन निर्माणका क्रममा प्राविधिक मूल्यांकनभन्दा बढी रकम भुक्तानी लिई झुट्टा बिलभरपाई तयार गरी अनियमितता गरिएको पाइएको छ । यस क्रममा करिब ५९ लाख २६ हजार ६ सय ८६ रुपियाँ बढी भुक्तानी लिइएको आरोप छ । आव २०७७/०७८ देखि नै विद्यालयको नगद मौज्दातमा समेत अनियमितता भएको अनुसन्धानमा देखिएको छ । सो क्रममा १६ लाख ६० हजार १ सय १ रुपियाँ बेरुजु देखिएको तथा १७ लाख ९६ हजार ५ सय २१ रुपियाँ विद्यालयको रकम व्यक्तिगत् प्रयोजनमा प्रयोग गरि–एको अख्तियारको दाबी छ । उनीहरुलाई बिगोदाबी गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद, जरिवाना तथा हिनामिना रकमअसुल उपर गर्न माग गरिएको छ ।

*बागमतीको वित्तीय समानीकरण अनुदान*

# काठमाडौंलाई बढी, कोञ्जोसोमलाई सबभन्दा कम

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सर–कारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशका स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको अनुमानित परिमाण सार्वजनिक गरेको छ । मन्त्रालयले प्रदेशभित्रका १ सय १९ स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको अनुमानित परिमाण सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस तथा प्रदेश मन्त्रिपरिषद्को बैशाख १० गतेको निर्णयका आधारमा अनुदानको अनुमानित रकम तय गरिएको हो । मन्त्रालयले सबै स्थानीय तहलाई पठाएको पत्रमार्फत् प्रत्येक स्थानीय तहले प्राप्त गर्ने अनुदानको विवरणसमेत उपलब्ध गराएको जनाएको छ । मन्त्रालयले कुल अनुमानित १ अर्ब ४९ करोड ५५ लाख रुपियाँ समानीकरण अनुदान पठाउने उल्लेख गरेको छ । जसमा न्यूनतम् अनुदानमा २१ करोड १९ लाख ७५ हजार, सूत्रमा आधारित १ अर्ब २२ करोड ३७ लाख ५ हजार र कार्यसम्पादन मूल्याङ्क–कनमा आधारित ५ करोड ९८ लाख २० हजार रुपियाँ उपलब्ध गराउने अनुमानित परिमाण सार्वजनिक गरेको हो । जसमा सबभन्दा बढी वित्तीय समानीकरण अनुदान पाउनेमा काठमाडौं महानगरपालिका (८ करोड १ लाख) र सबभन्दा कम प्राप्त गर्नेमा ललितपुरको कोञ्जोसोम गाउँपालिका (५१ लाख ८० हजार) छन् ।

*कुन पालिकालाई कति ?*

*दोलखा :*

आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको वित्तीय समानीकरण अनुदानको अनुमानित परिमाण अनुसार दोलखाको जिरी नगर पालिकाले ९७ लाख ४ हजार, बिगु गाउँपालिकाले १ करोड ७ लाख १ हजार, गौरीशंखर गाउँपालिकाले १ करोड ४ लाख ६ हजार, कालिञ्चोक गाउँपालिकाले १ करोड १७ लाख ६१ हजार, बैतेश्वर गाउँपालिकाले १ करोड ७ लाख १६ हजार, तामाकोशी गाउँपालिकाले १ करोड ७ लाख १९ हजार, मेलुङ गाउँपालिकाले १ करोड ७ लाख ३८ हजार, सैलुङ गाउँपालिकाले १ करोड ४ लाख ७५ हजार र भीमेश्वर नगरपालिकाले १ करोड ५४ लाख ८६ हजार रुपियाँ आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*सिन्धुपाल्चोक :*

सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाले १ करोड ७४ लाख




१ हजार, बाह्रबीसे नगरपालिकाका लागि १ करोड २५ लाख १५ हजार अनुमानित वित्तीय समानीकरण अनुदान उपलब्ध गराइने भएको छ । भोटेकोशी गाउँपालिकाले ९८ लाख ७८ हजार, जुगल गाउँपालिकाले १ करोड ६ हजार, पाँचपोखरी थाङ्पाल गाउँपालिकाले १ करोड ४ लाख ६१ हजार, हेलम्बु गाउँपालिकाले १ करोड २१ हजार, इन्द्रावती गाउँपालिकाले १ करोड ३१ लाख ७६ हजार रुपियाँ वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

चौतारा साँगाचोकगढी नगर पालिकाले १ करोड ७७ लाख ६७ हजार, बलेफी गाउँपालिकाले १ करोड ६ लाख ८३ हजार, त्रिपुरासुन्दरी गाउँपालिकाले ८० लाख ८३ हजार, लिसंखुपाखर गाउँपालिकाले ९१ लाख ३० हजार र सुनकोशी गाउँपालिकाले ९९ लाख २७ हजार आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश सरकारबाट अनुमानित वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने मन्त्रालयले सार्वजनिक गरेको हो ।

*रसुवा :*

रसुवाको कालिका गाउँ पालिकाले ७४ लाख ५८ हजार, नौकुण्ड गाउँपालिकाले ७४ लाख २८ हजार, उत्तरगया गाउँपालिकाले ६९ लाख ६० हजार, आमाछोदिङ्मो गाउँपालिकाले ५९ लाख ६५ हजार र गोसाईंकुण्ड गाउँपालिकाले ७७ लाख ९ हजार प्राप्त गर्ने अनुमानित विवरण सार्वजनिक गरिएको हो ।

*धादिङ :*

धादिङको नेत्रावती डबजोङ गाउँपालिकाका लागि ८४ लाख ४७ हजार, सिद्धलेक गाउँपालिकाले १ करोड १९ लाख ६३ हजार, नीलकण्ठ नगरपालिकाले २ करोड ९ लाख ५४ हजार, गंगाजमुना गाउँपालिकाले १ करोड ११ लाख २ हजार, बेनिघाट रोराङ गाउँपालिकाले १ करोड ४७ लाख १० हजार, त्रिपुरासुन्दरी गाउँपालिका १ करोड १९ लाख ७५ हजार प्राप्त गर्ने अनुमानित वित्तीय समानीकरण विवरण सार्वजनिक गरेको हो ।

खनियाबास गाउँपालिकाले ७९ लाख ७५ हजार, ज्वालामुखी गाउँपालिकाले १ करोड १९ लाख ६६ हजार, थाक्रे गाउँपालिकाले १ करोड ४५ लाख २३ हजार, गजुरी गाउँपालिकाले १ करोड ३१ लाख ६८ हजार, धुनिबेशी नगरपालिकाले १ करोड ३८ लाख १९ हजार, गल्छी गाउँपालिकाले १ करोड २७ लाख ४४ हजार र रुबिभ्याली गाउँ पालिकाले ७१ लाख ४७ हजार रुपियाँ आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारबाट अनुमानित वित्तीय समानीकरण अनुदान पाउने विवरण सार्वजनिक गरिएको छ ।

*नुवाकोट :*

नुवाकोटका १२ स्थानीय तहमध्ये म्यागङ गाउँपालिकालाई ५६ लाख ७२ हजार, बेलकोटगढी नगर पालिकालाई १ करोड ९ लाख, दुप्चेश्वर गाउँपालिकाले ७२ लाख ५९ हजार, तादी गाउँपालिकाले ६७ लाख ६६ हजार, सूर्यगढी गाउँ पालिकाले ६४ लाख १२ हजार, बिदुर नगरपालिकाले १ करोड ३७ लाख १९ हजार, किस्पाङ गाउँपालिकाले ६० लाख २७ हजार, तारकेश्वर गाउँपालिकाले ६० लाख ६६ हजार, लिखु गाउँपालिकाले ६८ लाख ४३ हजार, पञ्चकन्या गाउापालिकाले ६४ लाख १८ हजार, शिवपुरी गाउँ पालिकाले ७५ लाख ७६ हजार र ककनी गाउँपालिकाले ८५ लाख ५२ हजार अनुमानित वित्तीय समानीक–रण अनुदान उपलब्ध गराइने भएको हो ।

*काठमाडौं :*

काठमाडौंको शंखरापुर नगर पालिकाले ८९ लाख ३४ हजार, कागेश्वरी मनहरा नगरपालिकाले १ करोड ६३ लाख ९५ हजार, गोकर्णेश्वर नगरपालिकाले २ करोड ३२ लाख २ हजार, बुढानील कण्ठ नगरपालिका २ करोड ४४ लाख ५५ हजार, टोखा नगरपालिकाले २ करोड २४ लाख ३४ हजार वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने अनुमानित विवरण प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको हो ।

यसैगरी तारकेश्वर नगर पालिकाले १ करोड ९७ लाख ३६ हजार, नागार्जुन नगरपालिकाले १ करोड ७८ लाख ४५ हजार, चन्द्रागिरि नगरपालिकाले २ करोड ४ लाख २३ हजार, कीर्तिपुर नगर पालिकाले १ करोड ७६ लाख ८७ हजार, काठमाडौं महानगरपालिकाले ८ करोड १ लाख ५८ हजार र दक्षिणकाली नगरपालिकाले ८९ लाख ५६ हजार रुपियाँ अनुमानित वित्तीय समानीकरण प्राप्त गर्ने भएका हुन् ।

*भक्तपुर :*

भक्तपुरको चाँगुनारायण नगरपालिकाले १ करोड ४९ लाख ९७ हजार वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ भने भक्तपुर नगरपालिकाले १ करोड ९० लाख ४२ हजार, मध्यपुरठिमी नगर पालिकाले १ करोड ९७ लाख ३८ हजार र सूर्यविनायक नगरपालिकाले १ करोड ८९ लाख १० हजार प्रदेश सरकारबाट अनुमानित वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*ललितपुर :*

ललितपुरको महालक्ष्मी नगर पालिकाले १ करोड ६३ लाख ३८ हजार, ललितपुर महानगरपालिकाले ४ करोड १८ लाख ६५ हजार, गोदावरी नगरपालिकाले १ करोड ८१ लाख ३१ हजार, कोञ्जोसोम गाउँपालिकाले ५१ लाख ८० हजार, महांकाल गाउँपालिकाले ५४ लाख ३ हजार र बागमती गाउँपालिकाले ६३ लाख ९१ हजार अनुमानित वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*काभ्रेपलाञ्चोक :*

काभ्रे जिल्लाको पाँचखाल नगरपालिकाले १ करोड १४ लाख १७ हजार, चौंरीदेउराली गाउँ–पालिकाले ७४ लाख २५ हजार, भुम्लु गाउँपालिकाले ७० लाख ७० हजार, मण्डनदेउपुर गाउँपालिका ९७ लाख ३९ हजार, बनेपा नगरपालिकाले १ करोड ४८ लाख ८५ हजार, धुलिखेल नगरपालिकाले १ करोड ५ लाख ६७ हजार, तेमाल गाउं–पालिकाले ७७ लाख ६ हजार, नमोबुद्ध नगरपालिकाले ९४ लाख, पनौती नगरपालिकाले १ करोड ३१ लाख १३ हजार, बेथानचोक गाउँ–पालिकाले ७० लाख ८१ हजार, रोशी गाउँपालिकाले ९१ लाख ५९ हजार, महाभारत गाउँपालिकाले ७१ लाख ३८ हजार र खानीखोला गाउँपालिकाले ७२ लाख २८ हजार रुपियाँ आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारबाट अनुमानित वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*रामेछाप :*

रामेछापको उमाकुण्ड गाउँपालिकाले १ करोड ९ लाख ८ रुपियाँ आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ ।

भने गोकुलगंगा गाउँपालिकाले १ करोड १० लाख १२ हजार, लिखु तामाकोशी गाउँपालिकाले १ करोड १६ लाख १८ हजार, रामेछाप नगर पालिकाले १ करोड ३७ लाख ३० हजार, मन्थली नगरपालिकाले १ करोड ८१ लाख २४ हजार, खाँडादेवी गाउँपालिकाले १ करोड २५ लाख २२ हजार, दोरम्भा गाउँपालिकाले १ करोड १० लाख ४ हजार र सुनापति गाउँपालिकाले ९८ लाख ५२ हजार रुपियाँ प्रदेश सरकारबाट वित्तीय अनुदान प्राप्त गर्ने भएका हुन् ।

*सिन्धुली:*

सिन्धुलीको दुधौली नगर पालिकाले १ करोड ५० लाख ३१ हजार, फिकल गाउँपालिकाले ६८ लाख ८७ हजार, तीनपाटन गाउँपालिकाले १ करोड ७ लाख ४० हजार, गोलन्जोर गाउँपालिकाले ७४ लाख १४ हजार, कमलामाई नगरपालिकाले १ करोड ६१ लाख ५५ हजार, सुनकोशी गाउँपालिकाले ७९ लाख ४३ हजार, घ्याङलेख गाउँपालिकाले ५९ लाख ५६ हजार, मरिण गाउँपालिकाले ९० लाख ६९ हजार र हरिहरपुरगढी गाउँपालिकाले ८९ लाख ८१ हजार आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*मकवानपुर :*

मकवानपुरका १० स्थानीय तहहरुमध्ये हेटौंडा उपमहानगर पालिकाले सबभन्दा धेरै २ करोड ७७ लाख ३ हजार आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ । मकवानपुरमा सबभन्दा कम वित्तीय अनुदान प्राप्त गर्नेमा इन्द्रसरोवर गाउँपालिका छ । जसलाई ५९ लाख ११ हजार रुपियाँ पठाइने विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको हो ।

यसैगरी थाहा नगरपालिकाले १ करोड १२ लाख १७ हजार, कैलाश गाउँपालिकाले ८१ लाख ९८ हजार, राक्सिराङ गाउँपालिकाले ८७ लाख ७३ हजार, मनहरी गाउँपालिकाले १ करोड १२ लाख १९ हजार, भीमफेदी गाउँपालिकाले ९० लाख ४० हजार, मकवानपुर गढी गाउँपालिकाले ८७ लाख १४ हजार, बकैया गाउँपालिकाले १ करोड १२ लाख ७ हजार र बागमती गाउँपालिकाले ९८ लाख ९८ हजार आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*चितवन :*

जिल्लाको भरतपुर महानगर पालिकाले ४ करोड १६ लाख ५ हजार, राप्ती नगरपालिकाले १ करोड ५० लाख ९७ हजार, कालिका नगरपालिकाले १ करोड २६ लाख २४ हजार, इच्छाकामना गाउँपालिकाले ९० लाख २ हजार, रत्ननगर नगरपालिकाले १ करोड ७० लाख २६ हजार, छ ।

खैरहनी नगरपालिकाले १ क रोड ४७ लाख ४६ हजार र माडी नगरपालिकाले १ करोड १४ लाख ७९ हजार रुपियाँ आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारबाट अनुमानित वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने जनाइएको छ ।

# जलाधार क्षेत्रको व्यवस्थापनमा स्थानीय तहको भूमिका महत्वपूर्ण



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको राजधानी हेटौंडामा मंगलबार लालबकैया जलाधार व्यवस्थापन योजना तर्जुमासम्बन्धि सरोकार वालाहरुबीच परामर्श कार्यक्रम भएको छ । मकवानपुरको तीन स्थानीय तहसँग जोडिएको लालबकैया क्षेत्रमा जलाधार व्यवस्थापनमा गर्नुपर्ने काम तथा योजनाका विषयमा सरोकार वालबीच परामर्श लिइएको हो ।

कार्यक्रममा लालबकैया जलाधार क्षेत्रमा पर्ने बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका र हेटौंडा उपमहानगर पालिका विभिन्न वडाका वडा अध्यक्षहरु र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रम माण्डवीले सहजी–करण तथा ईसीमोडको आर्थिक सहयोग, द स्मल अर्थ नेपालको प्राविधिक सहयोगमा आयोजना गरि–एको थियो । कार्यक्रममा मकवानपुरको बकैया गाउँपालिकाका १ देखि १२ नम्बर वडाका वडा अध्यक्ष, मकवानपुरगढी गाउँपालिकाका १ नम्बर वडाका अध्यक्ष र हेटौंडा उपमहानगरपालिकाका १६, १७, १८ नम्बरका वडा अध्यक्षको सहभागिता थियो । वडा अध्यक्षहरुले आआफ्नो वडामा जलाधार क्षेत्रमा गरेका काम, पछिल्लो समय देखिएका समस्या, समस्यालाई समाधान गर्न गर्नुपर्ने कामबारे सामूहिक छलफल गरेर प्रस्तुतिकरण गरेका थिए ।

जलाधार क्षेत्र जोगाउन नसक्दा पछिल्ला वर्ष देखिएका समस्या र भविष्यमा यसले पार्ने प्रभावबारे सामूहिक छलफल भएको थियो । कार्यक्रमबाट आएका सुझाव र प्रभावकारी योजनालाई आयोजकले सम्बोधन गर्दै लैजाने जनाएको छ । कार्यक्रममा सहभागीहरुले जलाधार क्षेत्रको संरक्षणका लागि स्थानीय तह र स्थानीयबासीको महत्वपूर्ण भूमिका रहने औंल्याएका थिए । जसका लागि अहिलेल्यैबाट स्थानीस्तरमा जनचेतनासहित दीर्घकालीन काममा स्थानीय तह लाग्नुपर्नेमा जोड दिइएको थियो ।

बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको सभाध्यक्षतामा भएको कार्यक्रममा माण्डवी संस्थाका रामाज्ञा साहले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमाको हालसम्मको प्रगतिबारे द स्मल अर्थ नेपालका भवानी डंगोलले प्रस्तुतिकरण गरेका थिए । लालबकैया जलाधार क्षेत्रको व्यवस्थापनका लागि प्रस्तावित कार्यक्रमहरुको प्रस्तुतिकरण द स्मल अर्थ नेपालका प्राडा नरेन्द्रराज खनालले गरेका थिए । उक्त क्षेत्रमा काम गरिरहेका संस्थाले जनप्रतिनिधि बाट महत्वपूर्ण सुझाव आएको उल्लेख गर्दै योजनालाई अझ प्रभावकारी बनाउन सहयोग पुगेको बताएका छन् । कार्यक्रममा सहभागीहरुलाई द स्मल अर्थ नेपालका डा.जगन्नाथ जोशीले धन्यबाद व्यक्त गरेका थिए ।

कार्यक्रम समापन गर्दै बकैया गाउँपालिका अध्यक्ष लामिछानेले योजनाहरुको दीघकालीन कार्यान्वयनका लागि स्थानीय तह सहकार्यका लागि तयार रहेको बताए । जलाधार क्षेत्रमा आएको संकटलाई स्थानीय तहले प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।

कार्यक्रममा मकवानपुरका डिभिजन वन अधिकृत राकेशप्रसाद चन्द्रवंशी, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका र हेटौंडा उपमहानगर कार्यालयका विपद् व्यस्थापन शाखाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको आयोजकले जनाएको छ ।

*हेटौंडाको शिक्षामा नयां अभ्यास*

# ९ कक्षाको अनुमति पाएको मकवानपुर माविको चर्चा



सुनिता बिष्ट

हेटौंडा/पछिल्लो समय हेटौंडामा मकवानपुर विद्यालय सञ्चालनको विषयले चर्चा पाइ–रहेको छ । बैशाख ११ गतेको मितिमा हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटाले हस्ताक्षर गरेको पत्र सार्वजनिक भएसँगै यस विषयले चर्चा पाएको हो । पत्रमा मकवानपुर माध्यमिक विद्यालय कक्षा–९ सञ्चालनका लागि अनुमति प्रदान गरिएको उल्लेख छ ।

पत्रमा शिक्षा विकास महाशाखाले अनुमति दिंदा केही शर्तहरु अनिवार्यरुपमा पालना गर्नुपर्ने उल्लेख गरेको छ । विद्यालयले पालना गर्नुपर्ने सबै शर्त तथा बन्देजहरु अनिवार्यरुपमा लागु गर्नुपर्ने बताइएको छ भने विद्यालय नक्सांकनमा नपरेमा अनुमति स्वत: बदर हुने जनाएको छ । विद्यालय सञ्चालनसँग सम्बन्धित सम्पूर्ण खर्च निजीस्रोतबाट व्यहोर्नुपर्ने तथा विद्यालय शुल्क मापदण्ड निर्देशिका, २०७२ मा उल्लेखित प्रावधानहरु पूर्णरुपमा पालना गर्नुपर्ने भन्दै चालु शैक्षिक सत्र २०८३ बाट कक्षा–९ का लागि अनुमति प्रदान गरिएको उल्लेख गरिएको हो ।

मकवानपुर क्याम्पसले नै सञ्चालन गर्ने गरी मकवानपुर माध्यमिक विद्यालय सञ्चालनको अनुमति प्रदान गरेपछि सरोकार वाला निकायहरुले यस विषयमा चासो देखाएका हुन् । पछिल्लो समय सामुदायिक विद्यालयहरु मर्ज गरेर नमूना विद्यालय सञ्चालन गर्ने अवधारणा चलिरहेका बेला क्याम्पसले कक्षा–९ बाट अध्ययन गराउन खोज्नु गलत भएको बताइएको छ । कक्षा–९ बाट अध्ययन गराउनका लागि कक्षा–८ सम्म पढेका विद्यार्थी कहाँबाट ल्याउने, मकवानपुर क्याम्पससँगै पर्खाल जोडिएको सिद्धार्थ माध्यमिक विद्यालयलाई नै बलियो बनाएर लैजानुपर्नेमा उपमहानगर पालिकाले नै किन अधिकार खोस्न खोजेको जस्ता प्रश्नहरु उठेका छन् । मकवानपुर क्याम्पसजस्तो प्रतिष्ठित शैक्षिक संस्थाले माध्यमिक चलाउने भन्दा उच्चमाध्यमिक तहलाई बलियो बनाएर लैजानुपर्ने तर्क स्थानीयको छ ।

*के भन्छन् क्याम्पस प्रमुख ?*

मकवानपुर माध्यमिक विद्यालयको विषयमा चौतर्फी चर्चा चुलिएपछि मकवानपुर क्याम्पस प्रमुख यम सिलवालले सामाजिक सञ्जालमार्फत् नै प्रष्टीकरण दिएका छन् । प्रमुख सिलवालका अनुसार क्याम्पस स्थापना २०३७ मा आईकम तहबाट सुरु भइ पछि उच्चमाध्यमिक तह प्लस टुमा रुपान्तरण गरिएको थियो । हालको शिक्षा प्रणालीअनुसार कक्षा–९ देखि १२ सम्मलाई माध्यमिक तह मानिने भएकाले सोही अवधारणा अनुसार क्याम्पसले विद्यालय सञ्चालनको प्रक्रिया अघि बढाएको उनको भनाइ छ ।

उनका अनुसार हाल क्याम्पसमा कक्षा–११ र १२ सञ्चालनमा छन् भने नयाँ व्यवस्थाअनुसार २०८३ देखि कक्षा–९ समेत सञ्चालन गर्न हेटौंडा उपमहानगरपालिकाबाट अनुमति प्राप्त भएको हो । यस वर्ष कक्षा–९ मा सीमित संख्यामा भर्ना खुलाइने उनले बताए । क्याम्पसले विद्यालय सञ्चालन गर्न पाउँछ कि पाउँदैन भन्ने जिज्ञासाबारे स्पष्ट पार्दै नेपालभरका धेरै सामुदायिक क्याम्पसले विद्यालय सञ्चालन गर्दै आएको सिलवालले बताए । काठमाडौं विश्वविद्यालयअन्तर्गत् 'काठमाडौं युनिभर्सिटी हाइस्कुल' तथा त्रिभुवन विश्वविद्यालय अन्तर्गत् 'ल्याबोरेटरी माध्यमिक विद्यालय' को उदाहरण दिँदै सिलवालले मकवानपुरमा पहिलो पटक अभ्यास थालिएको बताएका हुन् ।

अमेरिका तथा युरोपका विश्वविद्यालयहरुले समेत विद्यालय सञ्चालन गर्ने अभ्यास रहेको जनाउँदै क्याम्पस प्रमुख सिलवालले मकवानपुर बहुमुखी क्याम्पस पनि भविष्यमा विश्वविद्यालयमा रुपान्तरण हुने लक्ष्यसाथ आफ्नै विद्यालय सञ्चालन अवधारणा अघि बढाइएको बताए । क्याम्पसहरुले कृषिफार्म, होटल, उद्योग, जलविद्युत् आयोजना लगायत कार्यक्रम सञ्चालन गर्ने अभ्यास रहेको पनि यस्ता कार्यक्रम सञ्चालन गर्नसक्ने सम्भावना रहेको बताए ।

# बागमतीमा मन्त्रिपरिषद् पुनर्गठनको तयारी

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सर–कारमा मन्त्रिपरिषद् पुनर्गठनको तयारी तीव्र बनेको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मन्त्रालयको संख्या घटाउनेसँगै मन्त्री हेरफेर गर्ने तयारी अघि बढाएका हुन् । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले वर्तमान मन्त्रीहरुलाई फिर्ता बोलाएर नयाँ अनुहारलाई सरकारमा ल्याउने विषयमा आन्तरिक छलफल गरि–रहेका छन् । दुवै दलभित्र मन्त्री परि–वर्तनबारे छुट्टाछुट्टै छलफल भइरहेको बताइएको छ ।

सरकारले सकेसम्म बैशाख भित्रै मन्त्रिपरिषद् पुनर्गठन गर्ने तयारी गरेको छ । यदि तत्काल सम्भव नभए प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रम सार्वजनिक गर्नुअघि नै मन्त्रालय संख्या घटाउने र मन्त्रीहरु परिवर्तन गर्ने तयारी रहेको जनाइएको छ । नेकपा एमालेका एक प्रदेशसभा सदस्यका अनुसार सबै मन्त्रीलाई फिर्ता बोलाउने वा केहीलाई मात्र निरन्तरता दिने भन्ने विषयमा पार्टीभित्र छलफल जारी छ । मन्त्रीहरुको कार्यसम्पादन, राजनीतिक सन्तुलन र मन्त्रालयको पुनर्संरचनालाई आधार बनाएर निर्णय हुनसक्ने बताइएको छ ।

मुख्यमन्त्री बानियाँले प्रदेशमा मन्त्रालय संख्या घटाउने तयारी भइ–रहेको पुष्टि गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाहेक सात मन्त्रालय कायम गर्ने विषयमा गृहकार्य भइरहेको बताएका छन् । मन्त्रालय संख्या घटेपछि मन्त्रीहरुको जिम्मेवारी र संरचनामा पनि फेरबदल अनिवार्य हुने उनको भनाइ छ । सत्तारुढ गठ–बन्धनका शीर्ष तहमा समेत मन्त्री परिवर्तनको विषयमा छलफल भइसकेको बताइएको छ । नेकपा एमालेभित्र पनि वर्तमान मन्त्रीहरुको कार्यशैलीप्रति असन्तुष्टि बढ्दै गएको स्रोतले जनाएको छ । एमाले संसदीय दलभित्रका केही सांसद्ले सरकारको कामकारबाही प्रभावकारी नभएको भन्दै नेतृत्वसँग असन्तुष्टि व्यक्त गरि रहेका छन् ।

प्रदेशसभामा लामो समयदेखि रिक्त रहेको सभामुख पदको टुंगो लगाउने विषय पनि सत्तागठबन्धनको प्राथमिकतामा परेको छ । गठबन्धन दलहरुबीच मन्त्री परिवर्तन, सभामुख चयन तथा सरकार सञ्चालनका अन्य महत्वपूर्ण विषयलाई प्याकेजमै सहमतिमा टुंग्याउने तयारी भइरहेको बताइएको छ । बागमती प्रदेश सर–कारको आगामी मन्त्रिपरिषद् पुनर्गठनले सरकारको कार्यसम्पादन, राजनीतिक सन्तुलन र सत्ता साझेदारीको समीकरणमा महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

हाल विभिन्न मन्त्रालयको नेतृत्व गरिरहेका मन्त्रीहरुले भने आफूहरुले आगामी आर्थिक वर्षको बजेट आफैंले बनाउन पाउनुपर्ने धारणा राख्दै आएका छन् । हाल भइरहेका मन्त्रीहरुले छाड्ने र अरुलाई अवसर दिनेमा असन्तुष्टि व्यक्ति गरेका छन् ।

हेटौडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष


**उखान:** बाघ दुब्लाएर बिरालो कहिल्यै हुँदैन ।

**बेलाको बोली**

सबै सत्यले तीन चरणहरु पार्न गर्ने गर्दछ, पहिलो यसको उपहास गरिन्छ ।

- आर्थर शोपेनहावर

## सम्पादकीय

# डिजिटल हिंसा नियन्त्रण गर

*हिजोआज महिला, किशोरी, पत्रकार, सामाजिक कार्यकर्ता तथा सार्वजनिक जीवनमा सक्रिय व्यक्तिलक्षित चरित्रहत्या, धम्की, निजी सामग्रीको दुरूपयोग र घृणात्मक अभिव्यक्ति सामान्यजस्तै बन्न पुगेका छन् । नेपालमा डिजिटल पहुँच विस्तारसँगै साइबर अपराधको स्वरुप पनि जटिल बन्दै गएको छ । पहिले व्यक्तिगतस्तरमा सीमित रहने गालीगलौज अहिले संगठित ट्रोलिङ, लैगिक अपमान, निजी तस्बिरको दुरूपयोग, चरित्रहत्या र प्रत्यक्ष हिंसाका धम्कीसम्म पुगेको छ ।*

*अझ चिन्ताजनक पक्ष के हो भने यस्ता आक्रमणहरु प्रायः महिलाप्रति लक्षित हुने गरेका छन् । राजनीतिक मतभेद, सामाजिक सक्रियता वा सार्वजनिक अभिव्यक्तिका कारण महिलामाथि गरिने डिजिटल हिंसा लोकतान्त्रिक समाजकै लागि चुनौती बन्दैगएको छ । यस्तो हिंसाको मानसिक सामना गर्न नसक्नेहरु घरभित्रै खुम्चिनुपर्ने वा चुप लाग्नुपर्ने अवस्था छ । राजनीतिक वा सामाजिक क्षेत्रमा सक्रिय महिलाका परिवारजनसमेत यस्तो हिंसाको चपेटामा परेका छन् । विडम्बना, यस्तो हिंसा नेपालको कानुनअनुसार दण्डनीय अपराध भए पनि सजाय भने बिरलै हुन्छ । हिंसाका घटनाको उजुरी गर्नै हिचकिचाउने र उजुरी परे पनि कारबाही कमजोर हुने प्रवृत्तिका कारण अपराधीहरु हौसिएका देखिन्छन् । डिजिटल यौनहिंसाको अर्को गम्भीर प्रभाव पारिवारिक र सामाजिक सम्बन्धमा देखिएको छ । सम्बन्ध विच्छेद, मानसिक तनाव, सामाजिक अपमान र आत्मविश्वासमा गिरावटजस्ता परिणामहरुले पीडितको जीवनमा दीर्घकालीन असर पारिरहेका छन् । मानसिकरुपमा कमजोर अवस्थामा रहेका व्यक्तिलाई यस्तो हिंसाले आत्महत्यासम्मको जोखिममा पुऱ्याउन सक्छ ।*

*यसैले यस्तो जटिल समस्याको समाधान पनि बहुआयामिक दृष्टिकोणबाट खोज्नुपर्छ । डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रता सुरक्षित राख्दै साइबर हिंसालाई नियन्त्रण गर्नु राज्य, दल, प्रविधि कम्पनी र समाज सबैको साझा जिम्मेवारी हो । यो चासोलाई स्थायी सुधारतर्फ रुपान्तरण गर्नुपर्ने भएको छ । सरकारले झारा टार्ने होइन, नागरिकले सुरक्षित महसुस गर्नेगरी प्रभावकारी हस्तक्षेप गर्नु अब ढिलाई गर्नु हुदैन । नागरिकको स्वतन्त्रता र अस्मितामा चासो राख्ने सबै पक्षले साइबर बुलिङ र डिजिटल हिंसाविरुद्ध निरन्तर आवाज उठाइरहनु पर्छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | |
|---|---|
| **मेष** — हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । अरूका लागि उपयोग भइनेछ । | **बृष** — कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । |
| **मिथुन** — आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला । समयमा वचन पुऱ्याउन नसक्दा आलोचित भइनेछ । | **कर्कट** — द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । वादविवादले पनि आँटेका काममा बाधा पुऱ्याउनेछ । छिद्र खोतल्नेहरूबाट सावधान रहनुहोला । |
| **सिंह** — आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ । पछिका लागि लगानी बढाउनु पर्ने स्थिति आउन सक्ने योग देखिनेछ । | **कन्या** — फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । छिमेकमा असमझदारी बढ्ने छ, होसियारीसाथ काम लिनुहोला । |
| **तुला** — मेहनतले विशेष अवसर दिलाउनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । | **बृश्चिक** — प्रतिस्पर्धीलाई सजिलै पछि पार्न सकिनेछ । कृषिमा पनि मनग्य धन आर्जन हुने समय छ । अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ । |
| **धनु** — सोखले खर्च बढाउनेछ । आवेशको निर्णयले आँटेको काम बिग्रन सक्छ । व्यर्थैमा वादविवादमा परिने समय रहेकाले गोपनीयतामा ध्यान दिनुहोला । | **मकर** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** — बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । मिहिनेत गर्दा रोकिएको काम बन्न सक्छ । इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य शुभारम्भ हुनेछ । | **मिन** — केही अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य कमजोर रहनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६४९११३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नेपालमा ज्येष्ठ नागरिकको अवस्था र सुधारका उपाय



गम्भीरबहादुर हाडा



सामान्यतः ६० वर्षमाथि उमेर पुगेका समूहलाई बुढ्यौली अवस्था भनिन्छ । उमेरसँगसँगै शरीरमा विभिन्न प्रकारका स्वास्थ्य समस्या देखा पर्छन् । विशेष गरी वृद्धावस्थामा लाग्ने रोगलाई उमेरअनुसार शरीरमा आएको सामान्य परिवर्तन सोची हेलचेक्र्याइँ गर्ने गरेको देखिन्छ । वृद्धाश्रममा प्रायः सबै कुनै न कुनै स्वास्थ्य समस्याले ग्रस्त रहेका तथा निरन्तर औषधि सेवन गरिरहेका हुन्छन् ।

बूढाबूढी अवस्थामा धेरै सताउने रोगमध्ये दम र मधुमेह पनि एक हो । शरीरको प्याङ्क्रियाजबाट निस्कने इन्सुलिन नामको ग्रन्थिरस कम भएर वा यसले गर्नुपर्ने काममा रोकावट आई रगतमा ग्लुकोजको मात्रा बढेर मधुमेह हुने गर्छ । यो एक दीर्घरोग हो, यसले विश्वको ठूलो जनसंख्यालाई प्रभाव पारेको छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार सन् २००० मा २.८५ प्रतिशत जनसंख्यालाई मधुमेह भएको र सन् २०३० सम्ममा यो बढेर ४.४५ प्रतिशत हुने अनुमान गरिएको छ ।

बढ्दो आधुनिकता र प्रविधिले गर्दा घर भित्रकै युवापुस्ता र बालबालिकासँगको हजुरबा, हजुरआमाको सम्बन्ध टाढिँदै गएको छ । अझ धेरैजसो युवायुवती उच्च शिक्षा तथा गुणस्तरीय शिक्षा र राम्रो कामका लागि घर-परिवार छाडेर बाहिरिनुपर्ने बाध्यता पनि छ । यसले गर्दा पनि उनीहरूले आफ्ना बाबु-आमाको राम्रो हेरचाह गर्न र सँगै बस्न नपाउने स्थिति छ । फलस्वरूप वृद्ध बाबु-आमाहरूले नितान्त एक्लिएको महसुस गर्ने, एक्लै-एक्लै बसेर जीवन गुजारा गर्नुपर्ने हुन्छ । अझ हातखुट्टा राम्रोसँग नचल्दा र शरीरको राम्रो हेरचाह नपुग्दा आवश्यक काम पनि गर्न नसक्ने जस्ता अनेक मानसिक तथा शारीरिक तनावहरू उत्पन्न हुने गर्छन् । गाउँघरमा जस्तो सहरी क्षेत्रका पाका व्यक्तिहरू उत्पादनशील काममा लाग्ने गरेको कमै पाइन्छ । घरभित्रको काम गरे पनि आम्दानीमूलक काम उनीहरूसँग हुँदैन । जसले गर्दा आफूलाई मन लागेको बेला खर्च गर्न उनीहरूले पैसा पाउँदैनन् ।

ज्येष्ठ नागरिकको व्यावहारिक अनुभवको महत्वहरूमा, बृद्धहरू आफू सक्रिय भएर काम गर्न सक्दैनन्, तर काम कसरी गर्दा प्रभावकारी हुन्छ भनी युवाहरूलाई सिकाउन सक्छन् । वृद्धसँग बितेको इतिहासका रूपमा अध्ययन गर्न सक्छौं । वृद्धहरूलाई सिर्जनात्मक काममा लगाई देश विकासमा सहभागी गराउन सकिन्छ । हामीलाई परम्परागत मूल्य, मान्यता, रीतिरिवाज आदिका बारेमा ज्ञान प्राप्त हुन्छ । वृद्धहरू हामीलाई जीवन प्रदान गर्ने जन्मदाता हुन् र हाम्रो भविष्य राम्रो बनाउने कार्यमा उनीहरूको सक्रिय भूमिका रहन्छ । बृद्धहरूबाट परिवारमा बालबच्चाको उचित हेरचाह र ठूलाले आवश्यक सुझाव र सहयोग प्राप्त गर्छन् ।

नेपालको संविधान, २०७२ ले ६० वर्ष वा सोभन्दा माथिको उमेर समूहलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ । मानसिक स्वास्थ्य समस्याका बारेमा कुरा गर्दा यो एउटा जोखिमको उमेर हो । विश्व स्वास्थ्य संगठनले ६० वर्ष वा सोभन्दा माथिका लगभग १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारका मानसिक विकारबाट पीडित छन् भन्ने तथ्य प्रस्तुत गरेको छ । ज्येष्ठ नागरिकमा देखा पर्ने मानसिक समस्यामा उदासीनता, चिन्ता, तनाव, आघात, समायोजन, लागूपदार्थ दुरुपयोग आदि पर्छन् । सामान्यतया यो अवस्थामा मानसिक स्वास्थ्यमा समस्या बढ्नुका केही कारणमा शारीरिक परिवर्तन, एक्लोपन, परनिर्भरता, अवकाशपछिको योजना नहुनु, साथै शारीरिक रोग र अनिद्रा आदि पर्छन् । त्यस्तै समयानुकूल नयाँ प्रविधिबारे जानकार नहुँदा र बढी चिन्ता लिने बानीले गर्दा पनि ज्येष्ठ नागरिकमा मानसिक समस्याले सताउने गरेको पाइएको छ ।

ज्येष्ठ नागरिकका समस्या समाधानमा सरकार र निजी क्षेत्रले गरेको प्रयासहरूमा, हेरचाह केन्द्र, ज्येष्ठ नागरिक सेवा केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरे-गराएमा एकदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिमको जरिवाना वा दुवै सजाय हुन्छ । ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउनेलाई १ वर्षसम्म कैद वा ३० देखि ९० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । इच्छाविपरीत ज्येष्ठ नागरिकलाई संन्यासी, भिक्षु वा फकिर बनाउनेलाई एकदेखि पाँच वर्षसम्म कैद वा १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । अशक्त ज्येष्ठ नागरिक वा ७५ वर्ष पूरा गरेका ज्येष्ठ नागरिकविरुद्ध कुनै कसुर गरे कानुनबमोजिम हुने सजायमा २५ प्रतिशत थप सजाय हुन्छ । ज्येष्ठ नागरिक ऐन, २०६३ (संशोधन, २०७९ सहित) तथा ज्येष्ठ नागरिक नियमावली, २०६५ (संशोधनसहित) ले गरेका परिपालना गर्ने व्यवस्था गर्न-गराउन राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले राज्य र सरकारलाई बेलाबेलामा आवश्यक दबाब दिँदै आएको छ ।

ज्येष्ठ नागरिकको परिवारप्रतिको दायित्व अन्तर्गत परिवारको संरक्षक तथा अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ । समाजमा नैतिक मूल्य-मान्यता कायम गर्ने काममा परिवारका सदस्य तथा समाजलाई निरन्तर प्रोत्साहन गरिरहनुपर्छ । आफूमा रहेको ज्ञान, सीप, अनुभव तथा परम्परागत सामाजिक, सांस्कृतिक असल मूल्य-मान्यतालाई परिवारमा हस्तान्तरण गर्न प्रयत्नशील रहनु पर्छ । आफ्नो उमेर समूहका ज्येष्ठ नागरिकसँग निरन्तर सम्पर्कमा रहने प्रयास गर्नुपर्छ । समय-समयमा आफ्नो स्वास्थ्य परीक्षण गराउनुपर्छ । आफूलाई मानसिक तथा शारीरिक रूपले सक्रिय राख्नुपर्छ । अनावश्यक चिजबिज, लत्ताकपडा सञ्चित गर्ने बानी गर्नु हुँदैन । आफ्नो स्वास्थ्यको सकेसम्म आफैंले ख्याल गरी नियमित व्यायाम, सरसफाइ, खानपिन आदिमा ध्यान दिनुपर्छ । आफ्नो परिवारका सदस्यहरूलाई समान व्यवहार गर्नुपर्छ । परिवारमा आफू निष्पक्ष, स्वाभिमानी र अनुशासित बन्न सक्नुपर्छ र सकेसम्म आत्मनिर्भर बन्नुपर्छ । परिवारका सबै क्रियाकलापमा सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ । परिवारमा झैझगडा ल्याउने किसिमका स-साना कुरा नगरी निर्णायकको भूमिका वहन गर्नुपर्छ । परिवारका सदस्य, आफन्त र छिमेकीबीच बनेको पारिवारिक सञ्जाललाई सुदृढ र दिगो बनाउन क्रियाशील रहनुपर्छ । आफूलाई मन पर्ने संघ-संस्थाको सदस्य बनी क्रियाशील बन्ने प्रयास गर्नुपर्छ । ज्येष्ठ नागरिकले समाज तथा देशको सामाजिक तथा आर्थिक विकासका लागि संवाहक बन्ने प्रयास गर्नुपर्छ ।

ज्येष्ठ नागरिकको विकासमा देखा परेका बाधा, समस्या तथा चुनौतीहरूअन्तर्गत ज्येष्ठ नागरिकसम्बन्धि विद्यमान कानुन, आवधिक योजना, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय घोषणा, प्रतिबद्धताअनुरूप ज्येष्ठ नागरिकको विषयमा राज्यले विभिन्न नीति, रणनीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आए तापनि पर्याप्त मात्रामा कार्य गर्न नसकिरहेको अवस्था विद्यमान रहेको छ । संघीय प्रणालीअनुकूल हुने गरी संशोधनका लागि पेस भएको ज्येष्ठ नागरिकसम्बन्धि ऐन स्वीकृत हुन नसक्दा नीतिगत अन्योलता र अस्पष्टता रहेको छ । ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न सकेको छैन । सामाजिक पारिवारिक संरचनामा आएको परिवर्तनका कारण संयुक्त परिवारबाट एकल परिवारको प्रथाले स्थान पाउँदै गएको र सन्तानले बाबुआमाप्रति पूरा गर्नुपर्ने दायित्व वहन र हेरचाहमा क्रमशः ह्रास हुँदै गएको छ । बुढ्यौलीका कारण लाग्ने विभिन्न रोगको समयमा निदान र उपचारको यथोचित व्यवस्था हुन सकेको छैन । ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने श्रद्धा, सम्मान र सकारात्मक सम्बोधनमा ह्रास आएको छ । ज्येष्ठ नागरिकको ज्ञान र सीप हस्तान्तरणको उपयुक्त मोडालिटी तय हुन नसकेको अवस्था छ । दीर्घकालीन योजना, नीति, नियम र कानुनको प्रभावकारी कार्यान्वयनका निमित्त उपयुक्त समन्वयको अभाव छ ।

ज्येष्ठ नागरिकका सम्बन्धमा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरूमा राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्नु ज्येष्ठ नागरिकको मौलिक हक हो । सामाजिक सुरक्षा राज्यको दायित्व र ज्येष्ठ नागरिकको अधिकार हो, यसबाट कोही-कसैलाई वञ्चित नगरौँ/नगराऔँ । सामाजिक सुरक्षा भत्ता पाउने उमेर पुग्नेबित्तिकै स्थायी ठेगाना भएको वडा कार्यालयमा गई समयमै नामावली दर्ता गराउनुपर्छ । राज्यद्वारा उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताबाट ज्येष्ठ नागरिकको दैनिक जीवनयापनमा थप सहयोग पुऱ्याउन सक्नुपर्छ । विपद्को समयमा परिवार वा समुदायका ज्येष्ठ नागरिकलाई तपाईंको सहारा चाहिन्छ । अत्यावश्यक कुराहरू जस्तै औषधि, लत्ताकपडा, खानेकुरा आदिको समुचित व्यवस्थापन गर्नु सबैको जिम्मेवारी हो । विपद्को समयमा ज्येष्ठ नागरिकको विशेष ख्याल गर्नुपर्छ । उद्धार, राहत, पुनःस्थापनालगायतको हरेक चरणमा ज्येष्ठ नागरिकलाई उच्च प्राथमिकता दिनुपर्छ । ज्येष्ठ नागरिक राष्ट्रका अमूल्य निधि हुन्, उनीहरूको सम्मान र संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । ज्येष्ठ नागरिकप्रतिको दुर्व्यवहार कानुनद्वारा दण्डनीय अपराध हो । ज्येष्ठ नागरिकप्रति आदर एवम् सम्मानपूर्वक व्यवहार गरौँ ।

अवकाश प्राप्त वृद्धहरूलाई निवृत्तिभरण भत्ता, मानपदवी, कदरपत्र, सम्मानपत्र आदि प्रदर्शित हुने गरी राख्ने व्यवस्था गर्ने, अवकास प्राप्तहरूको पुनर्मिलन, भेटघाट आदिको व्यवस्था गर्ने, दैनिक दिनचर्या रमाइलो र रोचक बनाउन वाचनालय, पुस्तकालय, पार्क, क्लब आदिको व्यवस्था गर्ने, बेसहारा वृद्धहरूका लागि सुविधा सम्पन्न वृद्धाश्रमको व्यवस्था गर्ने, सरसफाइमा विशेष ध्यान दिने,सन्तुलित भोजन गर्नेजस्ता बानी बसाल्नुपर्छ ।

दैनिकरूपमा हल्का व्यायाम गर्नुपर्छ, बिहान खुला आकाशमा हिँड्नु राम्रो मानिन्छ, जसले रक्त नलीसम्बन्धि रोग, हाड र मांसपेसीमा देखा पर्ने कमजोरी र श्वास-प्रश्वास आदिलाई राम्रो गर्छ । रजनोवृत्ति अवस्थामा पुगेपछि हाड कमजोर हुने हुनाले ज्वानो, दही, राजमा, पालुंगो, दूध साथै भटमासजस्ता क्याल्सियमयुक्त खाना खानुपर्छ । हरियो सागसब्जी, नफलेको चामलको भात, मकै, कोदो, गहुँको रोटीजस्ता खाना खानुपर्छ ।

*साभार : कारोबार दैनिक*

---

# बजेटको वास्तविक आकार

गोपीनाथ मैनाली

सरकारका सबै नीति कार्यक्रम वास्तविक हुनुपर्छ । नीति कार्यक्रम वास्तविक बन्नु भनेको सामाजिक वास्तविकतामा रहनु हो । समाजका वस्तुगत आवश्यकता, भोगिरहेका समस्या र सम्भावनाबाट नीति कायक्रम टाढिए त्यसले समाजमा निराशा र आक्रोश जन्माउँछ । बजेट सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण संयन्त्र भएकाले यो सामाजिक वास्तविकता र कार्यान्वयन योग्यताबाट कत्ति पनि टाढा रहनु हुँदैन । नेपालको सन्दर्भमा भन्दा मुलुकमा व्याप्त बेरोजगारी र गरिबीको अन्त्य, सर्वसाधारणका दैनिकीसँग सरोकार राख्ने सार्वजनिक सेवा व्यवस्थापन, आर्थिक वृद्धि र प्रादेशिक सन्तुलन बजेटले सम्बोधन गर्नुपर्ने प्रमुख मुद्दाहरु हुन् ।

नेपालको बजेटले लामो समयदेखि कसरी वास्तविक बनाउने भन्ने चुनौती खेप्दै आएको छ । बजेटलाई वास्तविक बनाउने कुरा यसको आकारबाट सुरु हुन्छ । त्यही आकारले नीति तथा कार्यक्रमहरुलाई समर्थन गर्ने हुन् । बजेटको आकार निर्धारण, सीमा वितरण र मार्गदर्शन तयारीमा व्यावसायिकता नदेखिएकाले बजेटको घोषित रूप र वास्तविक आकारमा ठुलो खाडल रहँदै आएको छ । केही वर्षको बजेट विश्लेषण गर्दा स्पष्ट देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को अध्यादेशबाट जारी बजेटको आकार १,६४८ अर्ब रुपियाँको थियो । प्रतिस्थापन विधेयकमा नीति परिवर्तन नगरिकन १६ अर्ब घटाइ १,६३२ अर्ब रुपियाँ कायम गरियो ।

मध्यावधि समीक्षाका समयमा फेरि करिब ८६ अर्ब रुपियाँ घटाइयो र वास्तविक कार्यान्वयनमा १,४०० अर्ब रुपियाँको हाराहारीमा रह्यो । आव २०७९/८० को बजेटको आकार १,७९३ अर्ब रुपियाँको थियो । मध्यावधि समीक्षामा यसको आकार पनि तीन सय अर्ब रुपियाँभन्दा बढी घटाइयो । आव २०८०/८१ का लागि १,७५१ अर्ब रुपियाँको बजेट तर्जुमा गरिएको थियो, जसलाई मध्यावधि समीक्षाका समयमा करिब २२५ अर्ब रुपियाँ घटाइयो । गत आव २०८१/८२ को बजेट १,८६० अर्ब रुपियाँ थियो । यसलाई पनि मध्यावधि समीक्षामा करिब १६७ अर्ब रुपियाँ घटाइयो । कार्यान्वयनमा १,५२५ अर्ब रुपियाँ जति मात्र कायम भयो । चालु आव १,९६४ अर्ब रुपियाँको बजेट तर्जुमा गरिएकोमा मध्यावधि समीक्षामा यसको आकार पनि १४.०४ प्रतिशतले घटाइएको छ ।

कतिपय आवमा आफैंले प्रस्तुत गरेको बजेटलाई अर्थमन्त्रीले मध्यावधि समीक्षामा आफैंले अवास्तविक रहेछ भनी आलोचना गरेको समेत देखियो । पाँच वर्षको बजेटको आकार विश्लेषण गर्दा बजेट व्यवस्थापनमा आमूल परिवर्तनको माग गर्छ । बजेट तर्जुमाको संयन्त्र उही, पदाधिकारी उही र बजेट कार्यान्वय गर्ने संयन्त्र र पदाधिकारी पनि उही भएर पनि बजेट स्रोत परिचालन र खर्च व्यवस्थापनमा कमजोर रहेको हो ।

संसद्ले पारित गरेको बजेट मन्त्रीले घटाउन हुन्छ कि हुन्न, बहसको विषय हो तर बिगत केही वर्षदेखि मध्यावधि समीक्षाका बखत बजेट संशोधन गर्ने परिपाटी बसेको छ । बिगतमा संसद्मा बजेट प्रस्तुत गर्ने समय असारको अन्तिम हप्तामा हुन्थ्यो । संसदीय छलफल भई बजेट अनुमोदन हुँदा झण्डै पहिलो चौमासिक बित्ने अवस्था पनि हुन्थ्यो तर नेपालको संविधान जारी भएपछि यो स्थिति छैन । जेठ १५ गते नै संसद्मा बजेट प्रस्तुत हुन्छ । त्यसभन्दा अघि संसदीय राय परामर्शका लागि प्रतिनिधि सभामा बजेटका नीति तथा प्राथमिकता प्रस्तुत हुन्छ । आव लागु हुनुपूर्व नै बजेटले संसदीय स्वीकृति पाइसकेको हुन्छ र आव सुरु भएको पहिलो दिनबाट कार्यान्वयनमा जान्छ । नेपालमा कार्यकारी बजेट प्रचलनमा रहेकाले सरकारले जे प्रस्तुत गर्छ, त्यही अनुमोदित हुन्छ । संसद्ले अंक तलमाथि गर्दैन । यस अर्थमा बजेट कार्यान्वयनको तयारी जेठबाटै गर्न सकिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले बजेट पारित भएपछि स्वतः अख्तियारी भएको मानिने र कार्यक्रम पनि स्वीकृत भएको मानिने प्रचलनका कारण कार्यान्वयनमा विलम्ब हुन नआउनुपर्ने हो । सरकारले आव २०७५/७६ बाट सुरु गरेको सम्झौताले बजेट कार्यान्वयनको समय तालिकासमेत उल्लेख गर्दछ । यी व्यवस्था भए पनि बजेट न राजस्वको लक्ष्य भेट्टाउन पुग्छ न खर्चको नै ।

बजेट अवास्तविक हुनु भनेको राजस्वको अनुमान, अनुदान र ऋणको अनुमान त अवास्तविक हुँदै हो, खर्चको पक्षमा कार्यक्रमको प्रस्तावको अनुमान पनि अवास्तविक हुनु हो । शिरोभार खर्च, वित्तीय व्यवस्था, पेन्सन तथा सामाजिक सुरक्षा खर्च घट्दैनन् । तिनका लागि खासै अनुमानको सामर्थ्य पनि चाहिँदैन । संघीयता कार्यान्वयनपछि प्रदेश तथा स्थानीय सरकारलाई जाने वित्तीय समानीकरण अनुदानलगायतका हस्तान्तरण पनि घटाउन सकिने स्थिति रहँदैन । यस अवस्थामा मार पर्ने भनेको पुँजीगत विनियोजनमा नै हो तर कार्यक्रम प्रस्ताव अपरिपक्व हुँदा पुँजीगत खर्चको अनुमान र वास्तविकताबिच अन्तर देखिन्छ ।

केही दिनअघि अर्थमन्त्री रामेश्वर खनालले पूर्व अर्थमन्त्री विष्णु पौडेलले ल्याएको बजेट खर्च गर्न नसकिने भन्दै संसद्ले पारित गरेको बजेट १,९६४ अर्ब ११ करोडबाट २७५ अर्ब ७८ करोड रुपियाँ घटाउनु भयो । हरेक वर्ष कार्यान्वयन हुन नसक्ने बजेट किन बन्छ ? राजनीतिक कार्यकारी बजेटको आकार ठुलो बनाउने र राजस्व परिचालनलाई प्रभाव पार्ने गरी निर्णय हुँदै आएका छन् । वित्त नीति आर्थिक नीतिको अन्तर्यलाई अन्तरबोध गर्ने गरी निर्धारण नगर्नु र राजस्व संकलन केन्द्रमा राजनीतिक प्रभावका आधारमा कर्मचारी व्यवस्था गर्नु राजनीतिक कार्यकारीको अर्को प्रवृत्ति छ । परिणामतः राजस्वको ठुलो आकार अहिले पनि भूमिगत छ । सार्वजनिक खर्च पुनरवोलकन प्रतिवेदनले नै ४० प्रतिशत आर्थिक गतिविधि छाया अर्थतन्त्रमा देखाएको छ ।

यस अवस्थामा संस्थागत सम्झना, अनुभव र क्षमता भएको कर्मचारीतन्त्रले कार्यकारीलाई सल्लाह दिन र सचेत गराउन सक्नुपर्ने थियो । चालु आवको बजेट १,६५० अर्ब रुपियाँभन्दा माथि बन्नु हुँदैन भन्ने विज्ञहरूको सल्लाह ठिकै थियो, जसलाई राजनीतिक कार्यकारी र प्रशासन दुवैले किन त्यसो भने भन्ने विश्लेषण गरेनन् । कर्मचारीतन्त्र व्यावसायिक सदाचारितामा रहेर र ाजनीतिक कार्यकारीलाई सल्लाह दिन सकि-रहेका छैनन् । अर्को पक्ष वैदेशिक अनुदान र ऋण परिचालनको क्षमता साँघुरिँदै गएको छ । पछिल्ला पाँच वर्षको बजेट विश्लेषण गर्दा बाह्य अनुदान लगातार घट्दै गएको छ, ऋण प्रशोचन क्षमता पनि घट्दो छ । आन्तरिक ऋण बढ्दै गएको छ । सरकारको विकास सँझेदारसँगको संवाद क्षमता सुधार हुन नसकेकाले धेरैजसो अनुदान सरकारको नीति, प्राथमिकता र बजेटभन्दा बाहिर छन् । विकास साझेदार आफ्नै प्राथमिकताबाट पर छन्, जसलाई जवाफदेही बनाउन पनि नीति सामर्थ्य चाहिन्छ । नयां साझेदारहरूको खोजी गर्न सकिएको छैन । बजेटको पुँजीगत विनियोजनलाई प्रभाव पार्ने पक्ष विनियोजनका सिद्धान्त र वित्तीय अनुशासन हो ।

*साभार : गोरखापत्र*

## स्वदेशी औषधि उद्योग:
# राज्यको उपेक्षा र आत्मनिर्भरताको यात्रा

*उमेलाल श्रेष्ठ*

औषधि मानवीय स्वास्थ्यका लागि 'रोगको ओखती' हो भन्नेमा कसैको दुई मत छैन । तर, एउटा औषधि उद्योगले नागरिकको स्वास्थ्य मात्र होइन, देशको थला परेको अर्थतन्त्रलाई समेत तङ्ग्र्याउने सामर्थ्य राख्छ । दुर्भाग्यवश, नेपालमा पाँच दशकदेखि यस क्षेत्रमा क्रियाशील रहँदा मैले के महसुस गरेको छु भने- सरकारको ठोस सहयोग र संरक्षणविना औषधि उद्योगलाई 'अर्थतन्त्रको औषधि' बनाउन सम्भव छैन ।

नेपालमा औषधि उद्योगहरूको स्थापना नै आयातित औषधिलाई विस्थापित गर्न र पर निर्भरता घटाउनका लागि भएको हो । हालसम्म नेपाली उद्योगहरूले करिब ५० प्रतिशत बजार हिस्सा ओगट्न सफल भएका छन् र केही औषधिहरू त विदेशमा समेत निर्यात भइरहेका छन् ।

यदि सरकारले इमानदार भएर स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने हो भने हामी वार्षिक ४ देखि ५ हजार करोड रुपैयाँ बराबरको आयातलाई सहजै विस्थापन गर्न सक्छौं । यो नै नेपालको अर्थतन्त्रका लागि सबैभन्दा ठूलो योगदान हुनेछ ।

तर, विडम्बनापूर्ण अवस्था के छ भने राज्यको नीति स्वदेशी उद्योगलाई प्रोत्साहन गर्नेभन्दा पनि विदेशी औषधिलाई प्राथमिकता दिने खालका छन् । खुला सिमानाका कारण विदेशी औषधिहरू सहजै नेपाल भित्रिन्छन्, तर स्वदेशी उद्योगले भने पाइला-पाइलामा प्रशासनिक र नीतिगत व्यवधान झेल्नुपर्छ । भूकम्प, नाकाबन्दी र कोरोना महामारीजस्ता संकटका बेला नेपाली औषधि उद्योगहरूले आफ्नो सामर्थ्य प्रमाणित गरिसकेका छन् । संकटको बेला देशमा औषधिको अभाव हुन नदिने यी उद्योगहरूलाई सामान्य अवस्थामा भने सरकारले विश्वास गर्न नसक्नु दुःखद विषय हो ।




भारत सरकारले आफ्ना औषधि उद्योगहरूलाई विभिन्न शीर्षकमा सहुलियत र प्रोत्साहन दिइरहँदा हामीले भने राज्यबाट सानो सहयोग समेत पाउन सकेका छैनौं । हामीले सरकारसँग कर छुट मागेका होइनौं, केवल आयातित र स्वदेशी सामग्रीलाई हेर्ने नजर समान होस् भन्ने मात्र हाम्रो चाहना हो । अहिले पनि राज्यले स्वदेशी कम्पनीहरूलाई असक्षम देख्ने जुन दृष्टिकोण पालेको छ, त्यसले उद्योगीहरूको मनोबल गिराएको छ ।

अहिलेको सबैभन्दा ठूलो चुनौती २०३५ सालमा बनेको पुरानो औषधि ऐन हो । त्यो ऐन त्यतिबेला सीमित आयातलाई नियमन गर्न ल्याइएको थियो, जुन आजको विकसित उद्योगका लागि 'निकम्मा' सावित भइसकेको छ । ऐनको धारा २६ लाई टेकेर नियमनकारी निकायले १७ वर्षअघिको मूल्यमा औषधि बिक्री गर्न हामीलाई बाध्य पारिरहेको छ । अचम्मको कुरा त के छ भने, विदेशी कम्पनीका औषधिहरूको मूल्य हरेक ब्याचमा समायोजन भएर आउँछ, तर स्वदेशी कम्पनीलाई भने त्यही पुरानो मूल्यमा खुम्च्याइन्छ । मूल्य समायोजन हुन नसक्दा ठूला कम्पनीहरू जसोतसो टिके पनि साना उद्योगहरू बन्द हुने अवस्थामा पुगेका छन् ।

नियमनकारी निकाय औषधि व्यवस्था विभाग आफैँ सीमित जनशक्तिको मारमा छ । करिब ५ सय कम्पनीको नियमन गर्नुपर्ने विभाग र उद्योगीहरूबीच संस्थागत समझदारीको अभाव छ । विभागले कुनै पनि नयाँ नीति ल्याउँदा सरोकारवाला उद्योगीहरूसँग सल्लाह नगर्ने परिपाटीले समस्या थप बल्झाएको छ । गुणस्तरीयता नियन्त्रणमा कडाइ गरिनुपर्छ, तर प्रशासनिक अल्झनले उद्योगलाई निरुत्साहित गरिनु हुँदैन ।

देशमा नयाँ निर्वाचनपछि नयाँ सरकारको बनेको अवस्था छ । हामी उद्योगीहरूको अपेक्षा धेरै ठूलो छैन- कम्तीमा नयाँ सरकारले विदेशी र स्वदेशी औषधिबीच समान व्यवहार गरोस् ।

यदि पुरानै प्रवृत्ति र पुरानै दलहरूको कार्यशैली दोहोरिने हो भने औषधि उद्योगको भविष्य अझै संकटपूर्ण देखिन्छ । अब सरकारले औषधि उद्योगलाई केवल एउटा व्यापारको रूपमा मात्र होइन, राष्ट्रिय सुरक्षा र आर्थिक समृद्धिको बलियो खम्बाको रूपमा बुझ्न जरुरी छ ।

# बाँधबिना नै विद्युत्

सुर्खेत/बाँधबिना नै विद्युत् निकाल्न नेपालमै पहिलो पटक हाइड्रोकाइनेटिक प्रविधिको परीक्षण सुरु भएको छ । नदीमा बाँध नबाँधी र वातावरणीय क्षति नगरी बगि–रहेको नदीको आफ्नै गतिबाट एक सय किलोवाट् बिजुली निकाल्ने यो नौलो प्रयासले नेपाली ऊर्जा क्षेत्रमा नयाँ बहस र उत्साह सिर्जना गरेको छ । यस परियोजनाको एउटा रोचक पाटो के छ भने कर्णालीको छालमा राखिने यी भीमकाय संरचनाहरु त्यहीं निर्माण गरिएका भने होइनन् ।



बिजुली उत्पादनका लागि आवश्यक पर्ने डुंगा शैलीका दुई वटा ठूला डिब्बा रुपन्देहीको बुटवलमा तयार पारिएका हुन् । मेघा हाइड्रो एण्ड इन्जिनियरिङ बुटवलको कारखानामा महिनौं लगाएर इन्जिनियरहरुले यी विशेष संरचना बनाएका हुन् । बुटवलमा तयार भएका यी गह्रौं र जटिल संरचनाहरुलाई ठूला ट्रकमा लोड गरी कैलालीको मोहन्याल गाउँपालिका–७, साँझबसेरी पुर्‍या–इएको हो । हाल कर्णाली नदीको बगरमा प्राविधिकहरु यी डिब्बालाई जोड्ने र टर्बाइन जडान गर्ने काममा दिनरात खटिएका छन् । बुटवलबाट कर्णालीको बगरसम्मको यात्रा आफैंमा चुनौतीपूर्ण थियो, तर स्वदेशी सिप र विदेशी प्रविधिको संयोजनले यसलाई सम्भव तुल्याएको छ ।

साधारणतया जलविद्युत् निकाल्न पानीको उचाइँ चाहिन्छ । तर, हाइड्रोकाइनेटिक प्रविधिमा पानीको बहावको गति मुख्य हुन्छ । यसलाई सजिलो गरी बुझ्दा जसरी हावाको गतिले पंखा घुम्छ, त्यसैगरी नदीको पानीको गतिले पानीमुनि रहेको टर्बाइनलाई घुमाउँछ । 'हामीले नदीको पानीलाई कतै डाइभर्ट गर्दैनौं, न त नदीको प्राकृतिक बहावलाई नै रोक्छौं,' मेघा हाइड्रोका इन्चार्ज अम्बिकाप्रसाद बस्याल भन्छन्–नदीको बीचमा यी डुंगा शैलीका संरचनाहरुलाई फलामको बलियो साङ्लाले बाँधेर राखिन्छ । नदी जति तीव्रगतिमा बग्छ, यसले टर्बाइनलाई त्यति नै छिटो घुमाउँछ र बिना कुनै वातावरणीय विनाश बिजुली उत्पादन हुन्छ ।

धेरैको मनमा प्रश्न उठेको हुनसक्छ, वर्षायाममा कर्णालीमा आउने भीषण बाढीले यी संरचनालाई बगाउँदैन ? तर, प्राविधिकका अनुसार यसको डिजाइन नै तैरिने प्रकृतिको हुन्छ । यी संरचनाहरु पानीको सतहमा तैरिनेछन् । जब वर्षात्मा नदीको बहाव र सतह बढ्छ, यी डुंगाहरु आफैं माथि उठ्छन् र जब पानी घट्छ, यी विस्तारै तल बस्छन् । नदीबीच यी संरचनालाई स्थिर राख्न जमिनमा गाडिएका पिलरसँग बलियो साङ्लाले बाँधिएको हुन्छ । यसले गर्दा नदीको धार परिवर्तन भए वा बाढी आए पनि विद्युत्गृह सुरक्षित रहन्छ । यस प्रविधि नेपालका लागि एउटा उदाह–रणीय परीक्षण हुनसक्ने बस्याल बताउँछन् ।

बाढी आएको बेला ठूला रुखबाहेक अन्य बालुवा र ढुंगाले यस संरचनालाई असर नगर्ने बस्यालको भनाइ छ । परियोजनाको पछाडि बलियो अन्तर्राष्ट्रिय र राष्ट्रिय सहकार्य छ । बेलायत सरकारको इन्नोभेट युकेको मुख्य लगानीमा काम भइरहेको हो । यसमा बेलायतको एकलस इनर्जीले मुख्य प्राविधिक डिजाइन उपलब्ध गराएको छ भने नेपालको तर्फबाट मेघा हाइड्रो एण्ड इन्जिनियरिङले निर्माण र जडानको जिम्मा लिएको छ ।

बस्यालका अनुसार वर्षा यामको बाढी सुरु हुनुअघि नै निर्माण सम्पन्न गरी एक सय किलोवाट् बिजुली निकाल्ने लक्ष्य राखिएको छ । 'हाल बगरमा जडानको काम अन्तिम चरणमा छ । यदि परीक्षण सफल भयो भने नेपालका अन्य ठूला र तीव्र बहाव भएका नदीहरुमा सानासाना ग्रिड बनाएर उज्यालो छर्न सकिने सम्भावनाहरु खुल्नेछन्,' उनी उत्साहित भएर सुनाउँछन् ।

नेपालका कतिपय दुर्गम बस्तीहरु यस्ता छन्, जहाँ न राष्ट्रिय प्रसारणलाइन पुग्न सक्छ, न त ठूला जलविद्युत् आयोजना बनाउन भुगोलले साथ दिन्छ । त्यस्ता ठाउँका लागि यस प्रविधि भविष्यको वरदान साबित हुने निश्चित रहेको उनको दाबी छ । नेपालमा हाल पनि हजारौं मेगावाट् विद्युत् उत्पादनको चर्चा हुन्छ, तर त्यो चर्चा अक्सर ठूला बाँध र वैदेशिक ऋणको वरिपरि घुम्दा निर्माणमा विलम्ब भइरहेको छ । कर्णाली नदीको भंगालोमा यो सानो तर अर्थपूर्ण जलविद्युत्को नयाँ परीक्षणले कम लागतका परियोजना निर्माणको विकल्प खुलाएको विज्ञहरुको भनाइ छ । यसबाट बिजुलीको उत्पादनमात्र होइन, नेपाली इन्जिनियरिङ क्षेत्रका लागि एउटा नयाँ लर्निङ सेन्टर बन्ने बस्याल बताउँछन् ।

'यस परियोजना सफल भएमा कर्णालीको पानीले बगरमात्र कटान गर्ने छैन, किनाराका बस्तीमा फलामे संरचनाहरुलाई घुमाएर स्थानीयको घरा उज्यालो पुर्‍याउनेछ,' बस्याल भन्छन्–सफल नतिजा दियो भने भोलिका दिनमा नेपालका कोशी, गण्डकी, कर्णाली र अन्य ठूला नदीहरु बिजुली निकाल्ने खुला कारखानाका रुपमा विकसित हुनेछन् । हाल सुर्खेत र कैलालीका बासिन्दामात्र होइन, सिंगो ऊर्जा क्षेत्रका विज्ञहरु कर्णालीको यस किनारमा भइरहेको अन्तिम जडानको कामलाई निकै चासोसाथ नियालिरहेका छन् । कर्णाली नदीमा भइरहेको यस्तो परीक्षणले नेपाली इन्जिनियरिङमा एउटा नयाँ र आशलाग्दो इतिहास थप्ने अपेक्षा गरिएको ईन्जिनिय–रहरुले बताएका छन ।

## केयर सेन्टरमा २,३०० नेपाली



काठमाडौं/इजरायलले कृषि तथा घरायसी कामदार लिने सम्बन्धमा नेपालसँग छलफल गरि–रहेको बेला केयर सेन्टरमा नयाँ थप दुई हजार तीन सय नेपाली लिने भएको छ । इजरायलमा युद्ध सुरु हुनुअघि नै नेपालबाट सो संख्यामा कामदार माग गर्ने सम्बन्धमा छलफल भएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका एक अधिकारीले यो मागका सम्बन्धमा केही समयपछि सूचना जारी गर्ने बताएका छन् । 'हाल छलफल भइरहेको कृषि तथा घरायसी कामदारबाहेक नै केयर सेन्टरमा थप नेपाली माग गर्न लागिएको हो,' मन्त्रालयका ती आधिकारी भने–कृषि तथा घरायसी कामदारबाहेक सेन्टरका लागि सो संख्यामा नेपाली पठाउन केही समयपछि सूचना जारी गरेर भर्ना प्रक्रिया अघि बढाइने छ ।

पछिल्लो समय करिब दुई हजार पाँच सयभन्दा बढी नेपाली केयरगिभरका रुपमा इजरायल पुगिसकेका छन् । पछिल्लो समय इजरायलमा रोजगारीका लागि जाने नेपालीको संख्या बढ्दै गएका कारण त्यहाँ कार्यरत् नेपाली कामदारको सुरक्षा चासोसमेत बढेको छ । हाल इजरायलका विभिन्न केयरगिभर (वेताबोद) मा विदेशी श्रमिक अभाव हुन थालेपछि सो क्षेत्रमा नेपाली केयर गिभर लैजाने तयारीसहित करार सम्झौता भइरहेका बेला थप कामदार पठाउन लागिएको हो ।

गत आर्थिक वर्षमा मात्र नेपालबाट रोजगारीका लागि इजरायल जाने श्रमिकको संख्या उल्लेख वृद्धि भएसँगै रेमिटेन्समा थप वृद्धि भएको थियो । केही समयपछि इजरायलले थप नेपालीलाई रोजगा–रीको अवसर दिने प्रतिबद्धता जनाएपछि नेपाल सरकारले अन्य क्षेत्रमा थप नेपाली पठाउनेबारे गृहकार्यसमेत गरिरहेको छ । इजरायल सरकारले वार्षिकरुपमा नेपाली श्रमिकको माग संख्या वृद्धि गर्दै लगेर नयाँ केयर सेन्टर र घरेलु क्षेत्रमा रोजगारी दिने जनाउँदै आएको छ । इजरायलले यहाँबाट गएका नेपालीलाई इजरायलका विभिन्न वृद्धाश्रम (वेताबोद) र अस्पतालमा काम गर्ने गरी रोजगारी दिने गरेको छ ।

इजरायलले पछिल्लो समय केयरगिभरबाहेक कृषिक्षेत्रका लागि एक हजार नेपाली लैजाने आश्वासन दिँदै आएको छ । यसअघि इजरायलले केयरगिभरसँगै एक हजार जना कृषि कामदारको माग गर्ने प्रस्ताव नेपाललाई राखेको थियो । इजरायलका तर्फबाट नेपालस्थित इजरायली दुतावासले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कामदार लैजानेबारे प्रस्ताव राखे पनि यस सम्बन्धमा काम हुन सकेको थिएन । त्यसबेला कृषि कामदारका रुपमा जाने नेपालीले एक हजार अमेरिकी डलर डिपोजिट प्रस्ताव राखेपछि कामअघि बढ्न सकेको थिएन । यसअघि नेपालबाट लर्न एण्ड अर्न कार्यक्रम अन्तर्गत् विभिन्न विश्वविद्यालय बाट २ सय ६५ जना विद्यार्थी इजरायल पुगेका थिए ।

उनीहरुले विभिन्न कृषि फार्ममा ११ महिने इन्टर्नसिप रोजगारी गर्दै आएका थिए । त्यही क्रममा दुई वर्षअघि हमासले आक्रमण गर्दा १० जना नेपाली विद्यार्थी मारिए । सुदूर पश्चिम विश्वविद्यालय कृषि तथा विज्ञान संकायबाट इजरायल पुगेका १० जना विद्यार्थी आक्रमणमा मारि–एका थिए । उक्त घटनापछि सर–कारले समेत कृषि कामदारका रुपमा पठाउने विषयमा गम्भीर छलफल गर्नुपर्ने बताउँदै आए पनि हाल पुनः पठाउने योजना बनाएको छ ।

## विराटनगरमा पुनः
## देखियो अत्यन्त विषालु कोब्रा



विराटनगर/विराटनगर क्षेत्रमा पुनः अत्यन्त विषालु स्पिटिङ कोब्रा (मनोकल) प्रजातिको सर्प फेला परेको । शनिबार विराटनगर महा–नगरपालिका–१९ र ग्रामथान गाउँ–पालिकाको सीमावर्ती मिलनचोक उत्तरस्थित बस्तीमा सर्प भेटिएको हो ।

सर्पलाई महानगरका सर्प उद्धारकर्ता तथा नगर प्रहरीका सहायक निरीक्षक शम्भु घिमिरेले सुरक्षितरुपमा उद्धार गरी जिल्ला वन कार्यालय मोरङमा बुझाएका छन् । यसअघि पनि यही प्रजातिको सर्प विराटनगरमा फेला परिसकेको छ । उद्धारका क्रममा सर्पले फ्यालेको विष शरीरमा परेपछि घिमिरे घाइतेसमेत भएका थिए ।

स्पिटिङ कोब्रा विशेषगरि आफूमाथि खतरा महसुस भएमा परैबाट विष फ्याल्ने क्षमताका कारण झन् खतरनाक मानिन्छ । विष सीधै शरीर वा आँखामा परे गम्भीर क्षति हुनसक्ने भएकाले यसको जोखिम उच्च रहने विज्ञहरु बताउँछन् ।

सामान्यतया अफ्रिकी महादेशमा पाइने यस प्रजाति नेपालमा कसरी आइपुग्यो भन्ने विषयमा स्पष्टता नभए पनि आयातीत सामग्रीको कन्टेनरमार्फत् भित्रिएको हुनसक्ने अनुमान गरिएको छ । यसले जैविक सुरक्षासँगै आयात प्रणालीको निगरानीबारे पनि प्रश्न उठाएको छ । डिभिजन वन कार्यालय मोरङसँग समन्वय गर्दै उद्धार गरिएका सर्पलाई उपयुक्त वनक्षेत्रमा छाड्ने गरिएको घिमिरेले जानकारी दिए ।

तथ्यांकअनुसार यसअघि विराटनगरमा ३, बुढीगंगामा २, जहदामा १ र ग्रामथानमा १ गरी ७ वटा उक्त प्रजातिका सर्प फेला परिसकेका छन् । समग्रमा महानगर प्रहरीले हालसम्म विराटनगरसहित आसपास क्षेत्रमा ८ सय ३४ वटा सर्प उद्धार गरिसकेको जनाएको छ ।

## गोल्छालाई २४ घण्टाभित्र पेस गर्न आदेश

काठमाडौं/सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् बन्दीसहित लिखित जवाफ पेस गर्न आदेश गरेको छ । न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले मंगलबार बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् बन्दीसहित लिखित जवाफ पेस गर्न विपक्षी केन्द्रीय अनुसन्धान ब्युरो काठमाडौंलाई उक्त आदेश गरेको हो ।

### च्यापिएर सहचालकको मृत्यु

हेटौंडा/हेटौंडा उपमहानगरपालिका–११, थानाभ्याङमा गाडीले च्यापिएर सहचालकको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्गको हेटौंडा उपमहानगरपालिका–११, थानभ्याङमा ट्रकले च्यापिएर पर्साको पर्सागढी गाउँपालिका–३, बिरुवागुठीका २३ वर्षीय फुलकान्त थारुको मृत्यु भएको हो । थानाभ्याङमा रोकिराखेको ना. ७ ख ७०१८ नम्बरको लहरी ट्रकको अगाडिको भागको सिसा पुछेर सफा गर्न लागिरहेको अवस्थामा चालकले गाडी चलाउँदा राजमार्गछेउमा अगाडि रोकिराखेको ना ६ ख ४२८९ नम्बरको ट्रकपछाडि ठोक्किँदा लहरीका सहचालक थारु च्यापिएर घाइते भएका थिए ।

घाइते सहचालक थारुलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको थियो । हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवन स्थित भरतपुर अस्पताल लगिएको थियो । भरतपुर अस्पतालमा उपचारका क्रममा सहचालक थारुको सोमबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता पुष्कर बोगटीले बताए ।

लहरीचालक पर्सा ठोरी गाउँपालिका–१ का ३२ वर्षीय एकराज तिमिल्सेना र अर्का चालक उदयपुरका २९ वर्षीय भविस तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## पुरुष म्याराथनमा विश्व कीर्तिमान



काठमाडौं/केन्याका सेबास्टियन सावेले पुरुषको म्याराथन दौड २ घण्टाभन्दा कम समयमा पूरा गर्दै विश्व कीर्तिमान राखेका छन् । उनी २ घण्टाभन्दा कम समयमा म्याराथन दौड (४२.१९५ किलोमिटर) पूरा गर्ने विश्वका पहिलो धावकसमेत बने । विश्व एथ्लेटिक्स अन्तर्गत् लण्डन म्याराथनमा ३१ वर्षीय सावेले १ घण्टा ५९ मिनेट ३० सेकेण्डमा दौड पूरा गरेका हुन् । यसै लण्डन म्याराथनमा डेब्यु गरेका इथियोपियाका योमिफ केजेल्चा दोस्रो स्थानमा रहे ।

केजेल्चा २ घण्टाभित्र दौड पूरा गर्ने विश्वका दोस्रो धावक बनेका छन् । उनले दौड पूरा गर्ने क्रममा १ घण्टा ५९ मिनेट ४१ सेकेण्ड समय निकालेका थिए । उनी पहिलो भएका सावेभन्दा ११ सेकेण्डले मात्र पछि परेका थिए । तेस्रो स्थानमा रहेका युगान्डाका ज्याकब किप्लीमोले २ घण्टा २८ सेकेण्डको समय निर्धारण गरेका थिए । यससँगैं दिवंगत केन्याका महान् धावक केल्भिन किप्टमको विश्वरेकर्ड तीन धावकले एकैचोटि तोडे । गत अक्टोबर २०२३ मा सिकागो म्याराथनमा किप्टमले २ घण्टा ३५ सेकेण्डको विश्वरेकर्ड कायम गरेका थिए । सन् २०२४ उनको कार दुर्घटनामा २४ वर्षको उमेरमा निधन भएको थियो । कीर्तिमान राखेपछि सावेले बताए– हामीले दौड राम्रोसँग सुरु गर्‍यौं । दौड समाप्त गर्ने नजिक पुग्दा म बलियो महसुस गरिरहेको थिएँ । अन्ततः अन्तिम रेखामा पुगेपछि मैले समय देखें र म धेरै उत्साहित भएँ ।

*रेकर्ड दर्ता गरिएन :*

महान् धावक एलियुड किपचोगे २ घण्टाभन्दा कम समयमा म्याराथन दौडने पहिलो धावक बनेका थिए । तर, यो आधिकारिकरुपमा रेकर्ड थिएन । भिएना पार्कमा २०१९ अक्टोबरमा भएको म्याराथन दौडमा उनले १ घण्टा ५९ मिनेट ४० सेकेण्डको समय निकालेका थिए । विश्व एथ्लेटिक्सले यसलाई खुला प्रतिस्पर्धाको मान्यता नदिएपछि किपचोगेको त्यस समयलाई विश्व रेकर्डमा दर्ता गरि–एको थिएन ।

*असेफाको कीर्तिमानमा सुधार*

लण्डन म्याराथनको महिला दौडमा इथियोपियाकी टिग्स्ट असेफाले आफ्नै विश्व कीर्तिमानमा सुधार गरेकी छन् । उनले २ घण्टा १५ मिनेट ४१ सेकेण्डको समय निकाल्दै उपाधि रक्षासमेत गरिन् । उनले गत संस्करणमा २ घण्टा १५ मिनेट ५० सेकेण्ड समयका साथ उपाधि जितेकी थिइन् । दोस्रो र तेस्रो स्थानमा क्रमशः हेलेन ओबिरी (२ घण्टा १५ मिनेट ५३ सेकेण्ड) र जोयसिलिन जेप्कोसगेइ (२ घण्टा १५ मिनेट ५५ सेकेण्ड) रहे । दुवै केन्याका धाविकाहरु हुन् ।

## अर्थतन्त्रको आकार ६६ खर्ब



काठमाडौं/राष्ट्रिय तथ्यांक कार्यालयले नेपालको अर्थतन्त्रको आकार ६६ खर्ब पुगेको प्रक्षेपण गरेको छ । कार्यालय प्रमुख तथ्यांक अधिकारी डा. कमलप्रसाद पोखेलले मंगलबार त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै अर्थतन्त्रमा सुधारको संकेत देखिएको बताएका हुन् ।

डा. पोखेलका अनुसार गत आर्थिक वर्षको तुलनामा अर्थतन्त्रको आकारमा करिब ४ खर्बको बढोत्तरी भएको छ । गत वर्षको संशोधित अनुमान ६१.९९ खर्ब रहेकोमा यस वर्ष ६६ खर्ब पुग्ने अनुमान गरिएको छ । आर्थिक वृद्धिदर ३.८५ प्रतिशत् रहने प्रक्षेपण गरिएको छ । तथ्यांक सार्वजनिक गर्ने क्रममा डा. पोखेलले नतिजालाई विश्वसनीय बनाउन अन्तर्राष्ट्रिय मापदण्डहरुको अवलम्वन गरिएको र नेपाल राष्ट्र बैंकको तथ्यांकसँग पनि धेरै हदसम्म मेल खाएको जानकारी दिए ।

यसले तथ्यांकको क्रेडिबिलिटी र भ्यालिडिटी थप प्रष्ट पारेको उनको भनाइ थियो । अधिकारीका अनुसार हाल देशभर राष्ट्रिय आर्थिक गणना कार्यक्रम सञ्चालनमा छ । हालसम्म करिब सवा तीन लाख प्रतिष्ठानहरुको गणना सम्पन्न भइसकेको छ । यस कार्य आगामी असार ७ गतेसम्म जारी रहनेछ । उनले सबै सरोकारवालाहरुलाई यस गणनामा सहयोग पुर्‍याउन र प्रचारप्रसार गर्नसमेत आग्रह गरे । आगामी बजेट निर्माणको पूर्वसन्ध्यामा सार्वजनिक गरिएको यस तथ्यांकले सरकारलाई नीतिनिर्माण र बजेट विनियोजनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

## फ्रि बिजुली-पानी' भुक्तानी रोकिँदा विवाद

रौतहट/रौतहटको मौलापुर नगरपालिकामा सञ्चालन हुँदै आएका 'फ्रि बिजुली, फ्रि पानी' तथा छोरीको विवाहमा नगद सहयोगजस्ता लोकप्रिय कार्यक्रमको भुक्तानी रोकिएपछि विवाद चुलिएको छ । नगर प्रमुख रिनाकुमारी साहले भुक्तानी रोकिएकोप्रति कडा आपत्ति जनाउँदै आक्रोश व्यक्त गरेकी छन् ।

वर्षौंदेखि सञ्चालनमा रहेका यी कार्यक्रमको भुक्तानी प्रमुख प्रशासकीय अधिकृतले "माथिको आदेश" भन्दै रोकेको आरोप मेयर साहले लगाएकी हुन् । उनले नगर-बासीले पाउँदै आएको सेवा-सुविधा रोक्ने षड्यन्त्र भइरहेको भन्दै आश्चर्य व्यक्त गरिन् । मेयर साहले भनिन्, "माथिको आदेश भन्दै मौला-पुरमा भाँडभैलो गर्न खोजिएको छ । नगरबासीले पाउँदै आएको सेवा-सुविधा रोक्ने षड्यन्त्र कसले गरेको छ, आफैं अचम्ममा छु । संविधान र कानुनअनुसार स्थानीय सरकारले काम गर्न पाउनुपर्छ, कानुनविपरीत कुनै पनि हस्तक्षेप स्वीकार्य छैन ।"

उनले प्रधानमन्त्रीको ध्यानाक-र्षण गराउँदै स्थानीय सरकारलाई स्वतन्त्ररूपमा काम गर्ने वातावरण मिलाउन आग्रह गरेकी छन् । साथै, प्रमुख प्रशासकीय अधिकृतले बैठकको कार्यसूची आफैं तय गर्ने र निर्णय उपमेयरबाट प्रमाणीकरण गराउन खोज्ने कार्य कानुन र मूल्य-मान्यताको विपरीत रहेको आरोपसमेत लगाइन् ।


मौलापुर नगरपालिका 'फ्रि बिजुली, फ्रि पानी'जस्ता कार्यक्रमका कारण देशभर चर्चित रहँदै आएको छ । अन्य स्थानीय तहले समेत अनुकरण गरिरहेका यस्ता कार्यक्रमको भुक्तानी रोक्नु अनुचित भएको मेयर साहको भनाइ छ । उनले समस्या छिट्टै समाधान हुने विश्वास व्यक्त गरिन् । उता, भुक्तानी रोकिएपछि स्थानीयबासीले संघर्ष समिति गठन गरी चरणबद्ध आन्दोलनको घोषणा गरेका छन् ।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# निर्जीवन बीमाको बजार ४० अर्बमाथि

सन्देश संवाददाता



काठमाडौं/'बीमा भनेको भविष्यको अनिश्चितताविरुद्ध सबभन्दा राम्रो सुरक्षा हो,' वारेन बफेट। विश्वप्रसिद्ध व्यक्तित्व बफेटले दशकौंदेखि बीमाको महत्वलाई जोड्दै आएका छन्। बीमा केवल पैसा तिर्ने र दाबीभुक्तानी गर्ने प्रक्रिया होइन, यो जीवन, सम्पत्ति र व्यवसायलाई अप्रत्याशित जोखिमबाट जोगाउने वैज्ञानिक र आर्थिक सुरक्षा कवच हो। हाल नेपालमा यस भनाइ पूर्णरुपमा जीवन्त सत्य बनेको छ। भदौ २३ र २४ मा भएको युवा नेतृत्वको जेनजी आन्दोलनले नेपालको राजनीति, समाज, संस्कृति र अर्थतन्त्रलाई गहिरोरुपमा हल्लाएको छ।

उक्त आन्दोलन मुख्यरुपमा भ्रष्टाचारविरुद्ध, सुशासनको माग, सामाजिक न्याय र युवाहरुको आवाजलाई प्रतिनिधित्व गर्ने युवापुस्ताको नेतृत्वमा चलेको थियो। जेनजी अर्थात् सन् १९९७ देखि २०१२ बीच जन्मिएका युवा, जो डिजिटल युगमा हुर्किएका, सूचनाप्रविधिप्रति सचेत र परिवर्तनका लागि अटुट इच्छाशक्ति भएका छन्, सामाजिक सञ्जालको प्रतिबन्ध, राजनीतिक भ्रष्टाचार, युवा बेरोजगारी र राज्यसंयन्त्रमा व्याप्त अकुशलताविरुद्ध उनीहरु सडकमा उत्रिए। दुई दिन अवधिमा आन्दोलनले ७७ जनाको ज्यान लियो, हजारौंलाई घाइते बनायो र ठूलो भौतिक तथा आर्थिक क्षति निम्त्यायो। तर, यस दुःखद् घटनाले निर्जीवन बीमा क्षेत्रलाई नयाँ जागरण, अवसर र दायित्वबोध पनि दियो।

*आन्दोलनबाट भएको आर्थिक क्षतिको विश्लेषण*

सरकारद्वारा गठित क्षति मूल्यांकन समितिको प्रतिवेदनअनुसार कुल भौतिक क्षति ८४.४५ अर्ब छ। यस रकम नेपालको कुल अर्थतन्त्रको सापेक्षमा निकै ठूलो छ। यसमा सार्वजनिक क्षेत्रको क्षति सबभन्दा ठूलो छ–सिंहदरबार, प्रधानमन्त्री कार्यालय, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न मन्त्रालयका भवन, प्रहरी चौकी, स्थानीय तहका कार्यालयजस्ता राष्ट्रिय महत्वका संरचनामा आगजनी, तोडफोड र लुटपाट भएका थिए। यी भवनमा रहेका ऐतिहासिक दस्तावेज, फर्निचर, कम्प्युटर प्रणाली र पूर्वाधार पूर्णरुपमा क्षतिग्रस्त भए।

निजीक्षेत्रको क्षति पनि कम थिएन। व्यापारिक घराना, होटल, रेस्टुराँ, सपिङ मल, सवारीसाधन र सानाठूला उद्योगमा ठूलो क्षति भयो। विशेषगरि १२ हजारभन्दा बढी सवारीसाधनमा क्षति हुँदा १२ अर्बभन्दा बढीको घाटा भएको समितिको रिपोर्ट छ। यसबाहेक २ सय ६२ स्थानीय तह प्रभावित भएका थिए, जसमा विद्यालय, स्वास्थ्य केन्द्र, बजार क्षेत्र र कृषि पूर्वाधार समावेश छन्। यस क्षति नेपालको बीमा इतिहासमा एकै घटनामा सबभन्दा ठूलो हो। आन्दोलनका क्रममा बीमा कम्पनीहरुमा २३ अर्बभन्दा बढीको दाबी पुगेको छ। यसले के देखाउँछ भने निर्जीवन बीमा, जसले सम्पत्ति, सवारी, आगलागी, रायट, स्टाइक, आतंकवाद जस्ता जोखिम कभर गर्छ, ले कति ठूलो भूमिका खेल्नसक्छ ? यदि यी सम्पत्ति बीमा नभएका भए राज्य र निजीक्षेत्र दुवैलाई अझ ठूलो आर्थिक भार पर्ने थियो।

*बीमा नहुनुको परिणाम*

सिंहदरबार, प्रधानमन्त्री कार्यालय, सर्वोच्च अदालत, संसद् भवनजस्ता राष्ट्रिय महत्वका सरकारी सम्पत्ति बीमा गरिएको थिएन। यी संरचनाहरु राज्यको सम्पत्ति भएकाले सरकार आफैंले आफूलाई बीमा गर्नुपर्छ भन्ने मानसिकता थियो, तर व्यवहारिकरुपमा बीमा गरिएको थिएन। परिणामस्वरुप यी क्षतिबाट सरकारलाई प्रत्यक्ष ठूलो घाटा भयो। पुनर्निर्माणका लागि करदाताको पैसा खर्च गर्नुपर्ने अवस्था आयो। यस घटनाले एउटा कठोर सत्य सिकायो– बीमा नगरी कुनै पनि सम्पत्ति पूर्णरुपमा सुरक्षित हुँदैन, चाहे त्यो निजी होस् वा सार्वजनिक। राज्यले आफ्नो सम्पत्तिलाई पनि निजीक्षेत्र जस्तै जोखिम व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखियो। यदि यी सम्पत्तिहरु बीमा भएका भए दाबीबाट पुनर्निर्माणको खर्च सहज हुन्थ्यो र राज्यको ढुकुटीमा कम दबाब पर्थ्यो।

*ऐतिहासिक निर्णय*

यस दुःखद् घटनाले सरकारलाई ठूलो झट्का दियो। मन्त्रिपरिषद्ले सबै सार्वजनिक सम्पत्ति अनिवार्य बीमा गर्ने ऐतिहासिक निर्णय गर्‍यो। अब संघीय, प्रदेश र स्थानीय तहका सबै भवन, सवारीसाधन, पुल, अस्पताल, विद्यालय, सरकारी कार्यालय र अन्य पूर्वाधार निर्जीवन बीमा कम्पनीमा अनिवार्य बीमा गरिनेछ। यस निर्णयले निर्जीवन बीमा बजारलाई तत्काल ठूलो प्रिमियम थप्नेछ। अनुमानअनुसार वार्षिक ५ अर्बको अतिरिक्त प्रिमियम संकलन हुनसक्छ। यसले भविष्यमा यस्ता आन्दोलन, प्राकृतिक विपत्ति वा अन्य जोखिमबाट राज्यलाई बचाउनेछ। निजी बीमा कम्पनीलाई पनि ठूलो बजार विस्तारको अवसर मिल्नेछ। यस नीतिले बीमालाई राष्ट्रिय सुरक्षा प्रणालीको हिस्सा बनाउने दिशामा महत्वपूर्ण कदम हो।

*निर्जीवन बीमा बजारको स्थिति*

नेपालको निर्जीवन बीमा बजार हाल वार्षिक ४० अर्बभन्दा माथि पुगेको छ। आर्थिक वर्ष २०८२/०८३ को पहिलो सात महिनामा २७.५३ अर्ब प्रिमियम संकलन भइसकेको छ। निर्जीवन बीमा बीमाले मुख्यरुपमा मोटर, फायर, इञ्जिनियरिङ, मरिन, कृषि, रायट, स्टाइक, मालिसियस ड्यामेजजस्ता क्षेत्र कभर गर्छ। जनसंख्याको बीमा कभरेज अझै निकै कम छ। धेरै नेपालीले बीमालाई खर्च ठानेर टाढा राख्छन्। तर, यस आन्दोलनले देखायो कि जोखिम सर्वत्र छ र बीमा नै यसको एकमात्र भरपर्दो समाधान हो।

*निजी र सार्वजनिक क्षेत्रमा जागरण*

आन्दोलनले निजीक्षेत्रलाई अत्यन्त सचेत बनाएको छ। बैंक, होटल, उद्योग, व्यापारी र मल मालिकहरुले अब जोखिम व्यवस्थापन र अतिरिक्त कभर लिन थालेका छन्। यस कभरले सामाजिक अशान्ति, आन्दोलन वा आतंकवादी घटनाबाट हुने क्षति कभर गर्छ। सार्वजनिक क्षेत्रले पनि बीमाको महत्व बुझेको छ। अब सरकारी कार्यालयले आफ्ना सवारी, भवन र उपकरण बीमा गर्न थालेका छन्। यसले आगामी पाँच वर्षमा निर्जीवन बीमा बजार २० देखि ३० प्रतिशत् वार्षिक वृद्धि हुने अनुमानलाई ठोस आधार दिएको छ। यसले रोजगारी पनि बढाउनेछ र अर्थतन्त्रलाई स्थिर बनाउन मद्धत गर्नेछ।

*दक्षिण एसियाली तुलना*

आन्दोलनबाट आएका दाबी भुक्तानीमा बीमा कम्पनीहरुले छिटो अग्रसरता देखाए। नेपाल बीमा प्राधिकरणको निर्देशनअनुसार अग्रिम भुक्तानी सुरु गरियो। हालसम्म ५.१८ अर्ब (करिब २२ प्रतिशत्) भुक्तानी भइसकेको छ। यस गतिले बीमा कम्पनीहरुको क्षमता र प्रतिबद्धता देखाउँछ। समग्रमा नेपालको निर्जीवन बीमा दाबी भुक्तानी अनुपात सुधारोन्मुख छ। आर्थिक वर्ष २०८१/०८२ मा २५.२६ अर्ब दाबी भुक्तानी भयो। दक्षिण एसियामा भारतको निर्जीवन बीमादाबी भुक्तानी अनुपात ९० प्रतिशत्भन्दा माथि छ। किनकि, त्यहाँ डिजिटल प्रक्रिया, कडा नियमन र ठूलो बजार छ। बंगलादेशमा भने ३५.४५ प्रतिशत्मात्र छ, जसको कारण कमजोर नियमन र दाबी अस्वीकारको दर उच्च छ। नेपालले अब भारतको मोडल अपनाएर ९० प्रतिशत् लक्ष्य राख्न सक्छ। यसका लागि प्रविधि, प्रशिक्षण र पारदर्शिता आवश्यक छ।

*छवि परिवर्तनको आवश्यकता*

धेरै नेपालीले बीमा कम्पनीहरुलाई प्रिमियम लिने, दाबी नदिने भनेर चिन्छन्। ढिलो प्रक्रिया, जटिल कागजात र अस्वीकारको दर उच्च भएकाले यो धारणा बनेको हो। तर, जेनजी आन्दोलनमा छिटो भुक्तानीले उक्त धारणा बदल्ने ठूलो अवसर दिएको छ। कम्पनीहरुले अब डिजिटल क्लेम प्रोसेस, मोबाइल एप, अनलाइन डकुमेन्ट अपलोड, एआई–आधारित सर्भे र सात दिनभित्र भुक्तानीजस्ता सुधार गर्नुपर्छ। यसले हामी लिनेमात्र होइन, दिने पनि हौं भन्ने सन्देश दिन्छ। जनतामा विश्वास बढेमा बीमा संस्कृति विकास हुन्छ।

*अवसरको ढोका र भविष्यको बाटो*

जेनजी आन्दोलन दुःखद् थियो, यसले धेरै परिवारलाई पीडा दियो र अर्थतन्त्रलाई झट्का दियो। तर, बीमा क्षेत्रका लागि यो ऐतिहासिक जागरण बनेको छ। सरकारले सार्वजनिक सम्पत्ति बीमा अनिवार्य गरेको छ, निजीक्षेत्र सचेत बनेको छ, बीमा कम्पनीहरु क्षमता विस्तार गर्दैछन् र जनताले बीमाको आवश्यकता महसुस गरेका छन्। यदि नेपाल बीमा प्राधिकरणले नियमन कडा पार्ने, कम्पनीहरुले रि–इन्स्योरेन्स क्षमता मजबुत् बनाउने, डिजिटलाइजेसनलाई तीव्रता दिने र जनताले बीमालाई जीवनशैलीको हिस्सा बनाउने हो भने निर्जीवन बीमा बजार पाँच वर्षमा दोब्बर हुने सम्भावना छ।

अबको सन्देश स्पष्ट छ– बीमाबिना कुनै भविष्य सुरक्षित छैन। जेनजी पुस्ताले परिवर्तनको आगो बाल्यो, अब बीमा संस्कृतिले स्थिरता र सुरक्षा दिन्छ। यस आन्दोलनले सिकाएको पाठलाई संस्थागत् बनाउनुपर्छ।

# सरकारसँग सम्झौताको तयारीमा त्रिवि



सन्देश संवाददाता

काठमाडौं/त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको सम्झौता बैशाख अन्तिममा सकिँदैछ। सम्झौता सकिन १६ दिन बाँकी रहँदा त्रिविले क्यानसँग सम्झौता नगर्ने पक्षमा छ। मासिक ५० हजार रुपियाँमा संस्थासँग भन्दा पनि सरकारसँग सम्झौता गर्ने तयारी त्रिविको छ।

उपकुलपति प्राडा दीपक अर्यालले सम्झौताको मोडालिटीबारे छलफल भइरहेको जानकारी दिए। भने–नयाँ सम्झौता गर्ने विषयमा सरकारसँग छलफल भइरहेको छ। त्रिविले सम्झौता नवीकरण गर्ने विषयमा प्रधानमन्त्री कार्यालय, शहरी विकास, शिक्षा र खेलकुद मन्त्रालयसँग छलफल जारी राखेको जनाएको छ। 'हामीले क्रिकेट मैदान नदिने भनेका छैनौं। खेलमैदान नरहने पनि होइन। खेलमैदान रहन्छ, हामी सरकारसँग सम्झौता गर्ने तयारी गरेका छौं,' उपकुलपति अर्यालको भनाइ छ– विश्वभरका क्रिकेट खेलप्रेमीको खेलमैदान बन्द हुँदैन। क्रिकेट क्रेज बढिरहेको अवस्थामा मैदानको थप विकास गर्नेछौं। तर, त्रिवि क्यानसँग सम्झौता नगर्ने निचोडमा पुगेको छ। त्रिविले सरकारले सम्झौता नगरे आफैं सञ्चालन गर्ने गरी मोडालिटी बनाएको छ। सम्झौता अवधि सकिन लागेको छ। त्रिविको जग्गाफिर्ता दिन माग गर्दै क्यानलाई पत्र पठाइसकेका छौं। अब क्यान होइन, सरकारसँग नयाँ ढंगले सम्झौता हुनेछ।

हालै सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल) चलिरहँदा विश्वविद्यालयले खेलको समयमा पर्ने असरबारे जानकारी गराएको थियो। फोहोर सफा नगरेको विषयमा प्रश्न उठाएको थियो। 'तत्कालीन खेलकुदमन्त्री विराजभक्त श्रेष्ठकै पालामा सम्झौता नवीकरणको प्रक्रिया अघि बढाइएको थियो। त्यसबेला सम्भव भएन अब पक्कै पनि नयाँढंगले सम्झौता गर्ने तयारी गरेका छौं,' उपकुलपति अर्यालले भने। त्रिविले २०५९ पुस २४ गते २०८३ बैशाख मसान्तसम्मका लागि सम्झौता गरेको थियो। सम्झौतामा चार किल्ला छुट्टाएको तर क्षेत्रफल उल्लेख नगरी सम्झौता भएको थियो। त्रिविले क्यानसँग मासिक ५० हजार रुपियाँमा भने जति जग्गा लिजमा लिएको थियो। सम्झौता नवीकरणका लागि युवा तथा खेलकुद मन्त्रालयले २०८१ सालमा नै प्रक्रिया अघि बढाएको थियो। त्रिवि क्रिकेट मैदान लिज (भाडा) का लागि नेपाल क्रिकेट संघ (क्यान) ले विश्वविद्यालयसँग सीधै सम्झौता गर्न नमिल्ने भएकाले सरकारले सम्झौता गरेर क्यानलाई दिँदै आएको छ।

सुरुवातका ३ वर्ष क्यानले वार्षिक ३ लाख भाडा दिँदै आएको थियो। तर, तेस्रो वर्षपछि भने क्यानले वार्षिक ९ लाख भाडा त्रिविलाई दिँदै आएको छ। मैदानमा एनपीएलदेखि धेरै अन्तर्राष्ट्रिय प्रतियोगिता गरि–रहेको थियो। मैदानका लागि आवश्यक भौतिक संरचना सबै क्यानले नै बनाउनुपर्ने सम्झौतामा उल्लेख छ। सोही सम्झौताअनुसार क्यान, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् मिलेर त्रिवि क्रिकेट मैदानलाई नयाँ स्वरुपमा ल्याएका थिए।

मैदानमा पहिलो चरणको काम सम्पन्न हुँदा १० हजार क्षमताको प्या–रापिट र ६ वटा फ्लडलाइट जडान भइसकेको छ। सहरी विकास मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले कीर्तिपुर क्रिकेट रंगशालाको गुरुयोजना स्वीकृत गर्दै दोस्रो चरणका लागि करिब १० अर्ब बजेटसमेत सुनिश्चित गरिसकेको छ। आगामी ३ वर्षभित्र सम्पूर्ण निर्माण सक्ने लक्ष्यमा सहरी विकास मन्त्रालय छ। तर, सम्झौताको समय सकिनै लाग्दा अब के गर्ने भन्ने विषयमा अन्यौल भएको छ।

२०८१ फागुन १९ मा बीकेओआई–केसीडीसी–बीजी जेभीले २०८१ फागुन २० गतेबाट प्यारापिट निर्माण सुरु गरेको थियो। २ महिनाभित्र काम सक्ने गरी ४३ करोड ७७ लाख ३० हजारमा निर्माणको जिम्मा दिइएको थियो। ठेकेदार कम्पनीले तोकेकै समयमा १० हजार क्षमता भएको प्यारापिट निर्माण गरेको थियो।

# शिवम् सिमेन्ट्सद्वारा शिक्षामा सहयोग

सन्देश संवाददाता

हेटौंडा/शिवम् सिमेन्ट्स लिमिटेडले आर्थिकरुपमा कमजोर तथा विशेष क्षमता भएका विद्यार्थीहरुको शिक्षामा सहयोग गर्ने उद्धेश्यले रोल्पाको रोल्पा नगरपालिका–१०, धाङ्सी निवासी १२ वर्षीय सन्देश बुढामगरको अध्ययनका लागि आवश्यक सहयोग गर्ने निर्णय गरेको छ।

शारीरिकरुपमा अशक्त भइ दुवै हात नचल्ने बुढामगरलाई शिवम् सिमेन्टले सहयोग गर्ने भएको हो। जन्मजात दुवै हात नचल्ने अवस्थाबाट प्रभावित सन्देशले परिवारको कमजोर आर्थिक अवस्थाका बाबजुद् खुट्टाको सहारामा लेख्दै आफ्नो अध्ययनलाई निरन्तरता दिँदै आएका छन्। उनले हाल रोल्पामै रहेको विद्यालयबाट कक्षा–५ उत्तीर्ण गरेका छन्। तर, रोल्पामा विशेष क्षमता भएका विद्यार्थीहरुका लागि उपयुक्त विद्यालय अभाव र कमजोर पारिवारिक आर्थिक अवस्थाका कारण उनको थप अध्ययनमा समस्या देखिएको पारिवारिकस्रोतले जनाएको छ।

यस सन्दर्भमा शिवम् सिमेन्टले सन्देशको माध्यमिक तहसम्मको अध्ययनलाई निरन्तरता दिनका लागि काठमाडौंको जोरपाटीस्थित खगेन्द्र नवजीवन विशेष शिक्षा माध्यमिक विद्यालयसँग समन्वय गरेको छ। उनको रेखदेख तथा आवासीय व्यवस्थाका लागि अपांग नवजीवन केन्द्रसँग सहकार्य गरिएको छ। उक्त व्यवस्थाअन्तर्गत् अपांग नवजीवन केन्द्रले सन्देशको आवास, हेरचाह तथा अध्ययनको समन्वय गर्नेछ भने खगेन्द्र नवजीवन विशेष शिक्षा माध्यमिक विद्यालयमा अध्ययनको व्यवस्था गरिनेछ। सन्देशको माध्यमिक तहसम्मको अध्ययनका लागि लाग्ने खर्च शिवम् सिमेन्टले अपांग नवजीवन केन्द्रलाई सहयोगस्वरुप अर्धवार्षिकरुपमा उपलब्ध गराउनेछ।

कम्पनीका अनुसार समाजका हरेक वर्गको विकासमा साथ दिने लक्ष्यअनुरुप विशेष क्षमता र आवश्यकता भएका बालबालिकाहरुलाई उनीहरुको आवश्यकताअनुसारको अपांगमैत्री शैक्षिक संस्थामा अध्ययनको अवसर प्रदान गर्न पाउँदा कम्पनी गौरवान्वित छ। शिक्षा नै सशक्त भविष्यको आधार हो। त्यसैले यस्ता बालबालिकाले पनि प्रोत्साहनसहित गुणस्तरीय शिक्षा पाउनुपर्छ भन्ने कम्पनीको विश्वास छ। सन्देश बुढामगरको संघर्ष र आत्मविश्वासबाट प्रेरित भइ गरिएको सहयोगले उनको शैक्षिक यात्रालाई थप सहज बनाउने अपेक्षा गरिएको छ। शिवम् सिमेन्ट्स लिमिटेडले आगामी दिनहरुमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुलाई निरन्तरता दिने जनाएको छ।

*२० वर्षको दुर्व्यसनपछि नयां जीवन*

# कफी व्यवसायबाट प्रेरणादायी उदाहरण

सन्देश संवाददाता

हेटौंडा/२० वर्षसम्म लागुऔषध दुर्व्यसनमा फसेका नकुल बलामी अहिले पुनर्स्थापनापछि आत्मनिर्भर जीवन बिताउँदै कफी व्यवसायमार्फत् नयाँ उदाहरण प्रस्तुत गरेका छन्। कहिल्यै नसोचेको बाटोमा पुगेको जीवन, लामो अन्धकार र त्यसपछि आएको उज्यालो-यी सबै अनुभव बोकेका छन् नकुल बलामीले।

एक समय सुईमार्फत् लागुऔषध सेवनमा गहिरोरूपमा फसेका उनी अहिले सिआन पुनर्स्थापना केन्द्रमा मानव संशाधन विकास अधिकारीकारूपमा कार्यरत छन्। साथै, केन्द्रमै सञ्चालनमा रहेको कफी हाउसमा आफ्नो सिप र आत्मनिर्भरता दुवै प्रस्तुत गरि–रहेका छन् बलामी।

नकुलको जीवनमा ठूलो मोड तब आयो, जब उनी कक्षा ८ मा अध्ययनरत रहँदा उनका बुवा धुर्व बलामीको निधन भयो। "बुवाको मृत्युले मलाई भित्रैदेखि कमजोर बनायो, र त्यही समयबाट म दुर्व्यसनतिर तानिँदै गएँ," उनी सम्झन्छन्।

आमा कमला बलामीले परिवार सम्हाल्ने प्रयास गरे पनि नकुलको जीवन क्रमश नियन्त्रण बाहिर जान थाल्यो। रोजगारीको खोजिमा सन् २०१० मा मलेसिया पुगेका नकुल त्यहाँ 'आइस' नामक लागुऔषधको लतमा फसे। त्यसले उनको जीवन झन् जटिल बनायो, र उनी एक वर्षसम्म मलेसियाको कारागारमा बस्न बाध्य भए।

"विदेशी भूमिमा जेल जीवन बिताउनु मेरो जीवनकै सबैभन्दा पीडादायी क्षण थियो," उनी सम्झन्छन्, "कहिले छुट्ने हो भन्ने थाहा थिएन, आमाको सम्झनाले धेरै सताउँथ्यो।" नेपाल फर्किएपछि पनि उनको अवस्था सुधारिन सकेन। काठमाडौंमा उनी फेरि सुईमार्फत् लागुऔषध सेवनमा फसे। "२० वर्षसम्म कहिले कुन, कहिले कुन नशामा फसें। सुईको नशामा फस्छु भन्ने त मैले कहिल्यै सोचेको पनि थिइनँ," उनी बिगत सम्झदै पश्चाताप गर्छन्।

जीवनप्रति आशा हराउँदै गएको समयमा उनको भेट सिआन पुनर्स्थापना केन्द्रका प्रमुख सौजन डिसीसँग भयो। त्यही भेटले उनको जीवनको दिशा परिवर्तन गर्‍यो। आर्थिक अवस्था कमजोर भए पनि उनलाई २०८१ भदौ २४ गतेदेखि निःशुल्क परामर्श तथा उपचारको अवसर दिइयो। "त्यो मेरो जीवनको नयाँ सुरुवात थियो," नकुलले भने।

पुनर्स्थापनाको क्रममा उहाँले विभिन्न सिपहरू सिक्ने अवसर पाए, जसमा कफी बनाउने तालिम विशेष प्रभावकारी बन्यो। अहिले उनी केन्द्रभित्र सञ्चालनमा रहेको कफी हाउस आफैं चलाइरहेका छन्। "सानो भए पनि आफ्नो पेशागत जिम्मेवारी निभाउन पाउँदा निकै खुशी र सन्तुष्टि मिलेको छ," उनी भक्कानिदै भन्छन्।

पुनर्स्थापनापछि नकुल आफ्नो परिवारसँग पुनः जोडिएका छन्। आमासँगको सम्बन्ध सुधारिएको छ, र छोरीप्रति जिम्मेवारी पूरा गर्न पाएकोमा उनी गर्व महसुस गर्छन्। "आज म अरूलाई पनि जीवन परि–वर्तन सम्भव छ भन्ने सन्देश दिन सक्छु,"उनले भने। उनको अनुभवले देखाउँछ-सही अवसर, सहयोग र आत्मबल भएमा गहिरो अन्धकारबाट पनि उज्यालो सम्भव छ। नकुलजस्ता व्यक्तिहरूको पुनर्स्थापना र समाजमा पुनःस्थापनाका लागि राज्यले अझ सशक्त नीति र सम्मानजनक वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता रहेको उनी सुझाव दिन्छन्। "हामी जस्ता पुर्व दुर्ब्यनीहरुलाई पनि अवसर र विश्वास दिइयो भने हामी समाजका लागि उदाहरण पक्कै बन्न सक्नेछौं," उनले प्रतिक्रिया जनाए।

# एक सय रुपैयाँभन्दा बढी निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर



सन्देश संवाददाता

वीरगञ्ज/घरायसी प्रयोजनका लागि भारतबाट एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा भन्सार लाग्ने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको छ।

अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्तविक्रम शाहले सोमबार उक्त निर्णय खारेजीको माग गर्दै रिट निवेदन दायर गरेका हुन्।

रिटमा आजको अवस्थामा १०० रुपैयाँमा कुनै पनि दैनिक उपभोग्य वस्तु खरिद गर्न नसकिने भन्दै यो सीमा 'अव्यवहारिक र अतार्किक' रहेको उल्लेख गरिएको छ। यस व्यवस्थाका कारण सीमावर्ती क्षेत्रका सर्वसाधारणले तरकारी, औषधि, कपडाजस्ता आवश्यक वस्तु ल्याउँदासमेत भन्सार कर्मचारी र सुरक्षाकर्मीबाट हैरानी खेप्नुपरेको निवेदकहरूको भनाइ छ।

त्यस्तै, नेपाल-चीन सीमा वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने यात्रुका लागि भन्सार छुटको सीमा बढी रहेको तर भारतसँगको खुला सीमामा भने १०० रुपैयाँको मात्र सीमा तोकिनु मधेस तथा तराई क्षेत्रका नागरिकमाथि भौगोलिक तथा वर्गीय विभेद भएको जिकिर रिटमा गरिएको छ।

निवेदकहरूले अर्थ मन्त्रालयले २०८० जेठ १५ र २०८२ जेठ १५ मा जारी गरेको भन्सारसम्बन्धि जारी सूचना तत्काल खारेज गर्न 'उत्प्रेषण' आदेश माग गरेका छन्। रिटमा प्रधानमन्त्री तथा मन्त्रि–परिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभागलाई विपक्षी बनाइएको छ।

## देशका अधिकांश सहरी क्षेत्रमा वर्षाको सम्भावना

सन्देश संवाददाता

काठमाडौं/जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले मंगलबार देशका अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित वर्षा हुने सम्भावना रहेको जनाएको छ।

महाशाखाका अनुसार विभिन्न सहरको अद्यावधिक मौसम विवरणअनुसार तराईदेखि पहाड तथा हिमाली भूभागसम्म वर्षाको प्रभाव देखिने अनुमान गरिएको हो।

मौसम विवरणअनुसार भैरहवा, सिमरा, जनकपुर, विराटनगरलगायतका तराई क्षेत्रका सहरमा दिउँसो हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिएको छ भने राति पनि वर्षा जारी रहने अनुमान छ। यी क्षेत्रमा अधिकतम तापक्रम ३० देखि ३६ डिग्री सेल्सियसको आसपास रहने महाशाखाको भनाई छ।

महाशाखाका अनुसार काठमाडौं उपत्यकामा पनि मंगलबार दिनभर मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। यहाँ अधिकतम तापक्रम २२ देखि २४ डिग्री सेल्सियस रहने अनुमान गरिएको छभने रातिको तापक्रम १६ देखि १८ डिग्री सेल्सियससम्म झर्नेछ। पूर्वी पहाडी क्षेत्रका धनकुटा, जिरी, ताप्लेजुङ र ओखलढुङ्गामा पनि वर्षाको प्रभाव देखिनेछ। विशेषगरी बेलुका र रातिको समयमा वर्षा हुनेछ।

# जिफन्टद्वारा नौं बुँदे घोषणापत्र




सन्देश संवाददाता

काठमाडौं/अन्तर्राष्ट्रिय श्रमिक दिवसका सन्दर्भमा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले नौं बुँदे घोषणापत्र सार्वजनिक गरेको छ। मंगलबार पत्रकार सम्मेलन गर्दै श्रमिकको हकहितका पक्षमा विभिन्न शीर्षकमा घोषणापत्र सार्वजनिक गरेको हो। जसअन्तर्गत् सम्मानजनक पारिश्रमिक, सर्वकालीन सामाजिक सुरक्षा, पारिश्रमिकसहित इन्टर्नसिप र तालिम, सिपक्रान्ति, श्रमिक–उद्योग सहकार्य, महिला श्रमिक सशक्तीकरण, आप्रवासी श्रमिक संरक्षणलगायत पक्षमा श्रमिकको अधिकार सुनिश्चित गर्ने कार्ययोजना जिफन्टले घोषणापत्रमा उल्लेख गरेको छ।

ट्रेड युनियन आन्दोलनलाई गति दिन जिफन्टले उत्पादक शक्तिको विकास, प्रविधिमैत्री श्रमिक आन्दोलन, राष्ट्रिय समृद्धि र श्रमिक हितसहित एकतालाई वैचारिक आधारका रुपमा लिएको जनाएको छ। जिफन्टले नेपाल ट्रेड युनियन आन्दोलनले वर्तमान अवस्थामा सामना गर्नुपर्ने चुनौतीमध्ये, स्वचालन र कृत्रिम बुद्धिमत्ता (एआई), बसाइँसराइ, बढ्दो महंगी र ज्याला स्थिरता, ट्रेड युनियन सान्दर्भिकताको अध्ययन र विश्लेषण गर्नुपर्ने बताएको छ।

पत्रकार सम्मेनलमा जिफन्ट अध्यक्ष बिनोद श्रेष्ठले मे दिवसका सन्दर्भमा नयाँ आयामसाथ श्रमिकको पक्षमा अभियान सुरु गरिने जानकारी दिए। उनका अनुसार श्रमिकको हकअधिकारबारे सूचना लेखिएको करिब १५ लाख पर्चा घरदैलोमा पुर्‍याउनाका साथै मे दिवसको दिन मे १ तारिखमा काठमाडौंमा बृहत् र्‍याली गरिनेसमेत बताए।

श्रमिकको पारिश्रमिकसँगै उहाँहरुको अधिकारको कार्यान्वयन पक्ष केकति छ भनेर बहस गर्ने बेला आएको छ,' उनले भने–हामीले नयाँ शैलीबाट युवापुस्तालाई समेट्दै श्रमिक आवाज बलियो बनाउने तयारीमा छौं।

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।

**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने